**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर


The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १६२ ★ ने. सं. ११४६ तछला गा, चतुर्थी ★ शनिबार ★ २० असार, २०८३ ★ July 4 , 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## व्यक्तिको पहिचान जन्म वा जातले होइन, उसको योग्यता, क्षमता, इमानदारिता र कर्मले निर्धारण गर्ने




भक्तपुर, १९ असार । राष्ट्रिय परीक्षा बोर्डबाट २०८३ सालको वैशाख महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा ख्वप माध्यमिक विद्यालयबाट नियमित परीक्षार्थीका रूपमा सहभागी भएका विद्यार्थीहरूको बिदाइ तथा मार्गनिर्देशन कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले समाजमा जात, भाषा, धर्म वा अन्य कुनै आधारमा विभेद नगरी योग्यतालाई नै प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले व्यक्तिको पहिचान जन्म वा जातले होइन, उसको योग्यता, क्षमता, इमानदारिता र कर्मले निर्धारण गर्ने उल्लेख गर्दै विद्यार्थीहरू जहाँसुकै पुगे पनि आफ्नो ज्ञान, सीप र योग्यताका आधारमा सफल बन्नुपर्ने धारणा राख्नुभयो ।

जात, भाषा र धर्मका नाममा हुने विभेदले विश्वका शक्तिशाली राष्ट्रहरूसमेत समस्यामा परेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले समावेशी, समानतामूलक र मानवतामा आधारित समाज निर्माणमा नयाँ पुस्ताको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

बिजुक्छेँले व्यक्तिगत स्वार्थ र तत्कालको फाइदाभन्दा माथि उठेर सबैलाई समान सम्मान गर्ने संस्कार विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै समाज र राष्ट्रको हितलाई केन्द्रमा राखेर अघि बढ्न विद्यार्थीलाई आग्रह गर्नुभयो ।

उहाँले नयाँ पुस्ताप्रति विश्वास व्यक्त गर्दै अघिल्लो पुस्ताले गर्न नसकेका धेरै महत्त्वपूर्ण कामहरू अब नयाँ पुस्ताले पूरा गर्ने अपेक्षा रहेको बताउनुभयो ।

उहाँले भक्तपुरलाई शिक्षा र ज्ञानको केन्द्रका रूपमा स्थापित गर्ने अभियानमा ख्वप कलेज तथा ख्वप शैक्षिक संस्थाहरूको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै भविष्यमा भक्तपुरलाई विश्वविद्यालयको सहरको रूपमा विकास गर्ने लक्ष्य प्राप्तिमा विद्यार्थीहरूको सक्रिय सहभागिता आवश्यक रहने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालन समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप कलेजले भक्तपुरलाई उदाहरणीय नगर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । उहाँले यो कार्यक्रम बिदाइ मात्र नभई स्वागतको कार्यक्रमसमेत भएको उल्लेख गर्दै विद्यार्थीका लागि उच्च शिक्षाको अवसर ख्वपमै उपलब्ध रहेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले विद्यार्थीलाई इन्टर्नसिपमार्फत दक्ष र सक्षम बनाउने कार्य कलेजले निरन्तर गर्दै आएको जानकारी दिँदै मेडिकल कलेज सञ्चालनका लागि प्रयास भइरहेको तर जग्गा अभावका कारण हालसम्म सम्भव हुन नसकेको बताउनुभयो ।

उच्च शिक्षाका लागि ठुलो सङ्ख्यामा विद्यार्थी बिदेसिनु चिन्ताको विषय भएको उल्लेख गर्दै उहाँले निजी कलेजका आकर्षक विज्ञापनको पछि नलागी आफ्नो रुचि, क्षमता र गुणस्तरीय शिक्षालाई आधार बनाएर अध्ययन संस्थाको छनोट गर्न विद्यार्थीलाई आग्रह गर्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले प्लस-टुपछि विदेश अध्ययनका लागि जाने विद्यार्थीले पनि आफ्नो देशप्रति सेवा गर्ने भावना कायम राख्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वपमै आगामी उच्च शिक्षाका पर्याप्त अवसर रहेको उल्लेख गर्दै प्रतिस्पर्धी, सक्षम र अनुसन्धानमुखी विद्यार्थी उत्पादन गर्न कलेज प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले


*बाँकी पृष्ठ २ मा*


## असार १९ को भ्रष्टाचारविरोधी आन्दोलन चालू राख्नु जरुरी



भक्तपुर, १९ असार । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा २०२६ असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा किसानहरूबिच प्रशिक्षण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले भन्नुभयो, "राजनीति देश र जनताको नि:स्वार्थ सेवाको लागि हो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले यही उद्देश्य पूरा गर्न राजनीति सुरू गर्नुभएको हो । हामी सबै कार्यकर्ताहरूमा यही भावना हुनु जरूरी छ ।"

सरकारमा गएका दल र तिनका नेताहरूले सहिदको प्रतिमामा फूलको माला लगाएर कर्तव्य पूरा नहुने स्पष्ट पार्दै सचिव सुवालले प्रधानमन्त्री र मन्त्री बनेका तथा शासक दलका कार्यकर्ताहरू देश र जनताप्रति समर्पित भएर लाग्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आफ्ना पुर्ख्यौली जग्गा जमिन कानुनबमोजिम परिवारबिच भागबन्डा गर्नसमेत किन्नुजस्तै सरकारी दस्तुर तिर्नुपर्ने बन्दोबस्तले निम्न वर्गलाई थप पीडा दिएको छ ।"

"सरकार परिवर्तन भएर पुग्दैन; भ्रष्टाचार रोकिनुपर्छ", सचिव सुवालले जोड दिनुभयो । उहाँले भन्नुभयो, "भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारबाही हुनु आवश्यक छ ।"

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले विगतको इतिहासबाट सिकेर नयाँ पुस्ता अघि बढ्नुपर्ने र गलत कामको विरोध गर्नु सचेत नागरिकको कर्तव्य भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पार्टीका अग्रजहरूले देश र जनताको नि:स्वार्थपूर्वक सेवा गर्नुभएको थियो । गरिब जनताले दु:ख गरी सहकारीमा बचत गरेको रकम संस्थाका पदाधिकारीहरूले संस्थाको उद्देश्यविपरीत व्यक्तिगत स्वार्थमा लगानी गरेको, समयमा मल नल्याई जनतालाई धोखा दिएको र सहकारीको रकम भ्रष्टाचार गर्नेहरूलाई भक्तपुरका क्रान्तिकारी जनताले उल्टो टोपीका साथ


*बाँकी पृष्ठ २ मा*


## करमाथि कर लाद्ने केन्द्र सरकारको नीति गलत




हेटौँडा, १९ असार । वाग्मती प्रदेशसभाको बैठक बिहीबार पनि चालू रह्यो । आर्थिक मामिला मन्त्रीद्वारा प्रस्तुत विनियोजन विधेयकमाथि प्रदेश सांसदहरूले आ-आफ्नो धारणा राख्ने क्रम जारी रह्यो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वाग्मती प्रदेश सरकारले आम्दानीको स्रोत बढाउने तथा उत्पादकत्व वृद्धिमा ध्यान पुऱ्याउनेतर्फ जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

सर्वसाधारण जनतामाथि करमाथि कर लाद्ने केन्द्र सरकारको नीति गलत भएको चर्चा गर्दै तीन प्रतिशत शिक्षा र स्वास्थ्य कर तथा पाँच प्रतिशत विद्युत् करका कारण जनता मारमा परेको हुनाले सो कर नीति फिर्ता लिनुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "सर्वसाधारणलाई करको बोझ बोकाएर देशमा सुशासन सम्भव हुँदैन । प्रदेश सरकारले मितव्ययितालाई व्यवहारमा लागू गरेर सुशासनको प्रत्याभूति दिलाओस् ।"

भदौमा गाडी, कार्यालय, फर्निचरलगायत सारा चिज खरानी बनाएर आज खरीद तथा पुन: निर्माणको शीर्षकमा ठुलो बजेट विनियोजन गरिएको चर्चा गर्दै उहाँले प्रदेशमा राजनीतिक संस्कार तथा अनुशासनसहित प्रस्तुत भइरहेको प्रस्ट पार्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा प्रदेश सांसद सृजना सैंजूले प्रदेशलाई हस्तान्तरण केन्द्रमा सीमित राख्नु दुर्भाग्यपूर्ण रहेको चर्चा गर्नुभयो । प्रदेश सरकारको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति हुनुपर्ने धारणा राख्दै उहाँले स-साना उद्योग एवम् घरेलु उद्योगको विकासमा ध्यान पुऱ्याउन ढिलो भइसकेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "रैथाने तथा स्थानीय उत्पादनको संरक्षण तथा प्रवर्द्धन आवश्यक छ । प्राकृतिक स्रोत-साधनको दोहन होइन सदुपयोग गर्न सके आर्थिक विकासमा टेवा पुग्नेछ ।

नेमकिपाका प्रदेश सभा सदस्य गीता काफ्लेले कृषि क्षेत्रमा न्यून लगानी वाग्मती प्रदेश सरकारको सबैभन्दा कमजोर पक्ष रहेको स्पष्ट पार्नुभयो । उहाँले स-साना किसानको हितमा योजना तथा कार्यक्रम आवश्यक भएको बताउँदै किसानका समस्या, रोग, प्रकोप आदिमा सरकारले आफ्नो कर्तव्य पूरा गर्न माग गर्नुभयो ।

विनियोजन विधेयकमाथि शुक्रबार पनि छलफल चल्यो । विनियोजन विधेकमाथि उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीले जवाफ दिनुभयो । बैठक शनिबार पनि चल्नेछ । काङ्ग्रेस पार्टीभित्रको आन्तरिक कलह तथा मन्त्री हेरफेरको चर्चा चलेसँगै बजेट पारित प्रक्रिया प्रभावित भएको बताइन्छ ।

### व्यङ्ग्यचित्र कुनो



# नगर प्रमुख प्रजापतिद्वारा मुनिबिहारलाई शारीरिक व्यायाम सामग्री हस्तान्तरण



भक्तपुर, १९ असार । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ७ स्थित मुनिविहार (धम्मउत्तम महाविहार) लाई शारीरिक व्यायामसम्बन्धी सामग्री शुक्रबार एक कार्यक्रम आयोजना गरी हस्तान्तरण गर्नुभयो । नगर प्रमुख प्रजापतिले स्वास्थ्य प्रवर्द्धन र नियमित व्यायाम संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकाले व्यायाम सामग्री सहयोगस्वरूप उपलब्ध गराएको बताउनुभयो ।

महाविहार परिवारका भिक्षु विपस्सी महास्थविरले महाविहार परिवारको तर्फबाट शारीरिक व्यायाम सामग्री सहयोग प्रदान गरेकोमा भक्तपुर नगरपालिकाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यस सहयोगले समुदायका सदस्यहरूको स्वास्थ्य प्रवर्द्धन तथा नियमित व्यायाम संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# जैविक मल तथा जैविक विषादी उत्पादन तालिम सम्पन्न




भक्तपुर, १९ असार । भक्तपुर नगरपालिकाले किसानलाई रासायनिक मल तथा विषादीको प्रयोग घटाई वातावरणमैत्री र सुरक्षित कृषि उत्पादनतर्फ प्रोत्साहित गर्ने उद्देश्यले तीनदिने 'जैविक मल तथा जैविक विषादी उत्पादन तालिम' सम्पन्न गरेको छ ।

असार १६, १७ र १८ गते सञ्चालन गरिएको तालिममा नगरभित्रका विभिन्न वडाका कृषकहरूको सहभागिता रहेको थियो । तालिममा स्थानीय स्तरमै उपलब्ध सामग्री प्रयोग गरी जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने व्यावहारिक सीप प्रदान गरिएको थियो ।

प्रशिक्षकहरूले जैविक खेतीको महत्त्व, माटोको उर्वराशक्ति संरक्षण, रासायनिक विषादीको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने नकारात्मक असरका साथै सुरक्षित कृषि उत्पादनका उपायबारे जानकारी दिएका थिए । सहभागी किसानहरूले खेतबारीमा प्रत्यक्ष प्रयोग गर्न सकिने जैविक मल र जैविक विषादी तयार गर्ने विधि पनि सिकेका थिए ।

नगरपालिकाले यस्ता तालिममार्फत किसानको उत्पादन लागत घटाउने, विषादीको प्रयोग न्यूनीकरण गर्ने तथा स्वस्थ र गुणस्तरीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको जनाएको छ । जैविक खेतीको विस्तारले माटोको दीर्घकालीन उर्वराशक्ति संरक्षण हुनुका साथै उपभोक्तालाई सुरक्षित खाद्यान्न उपलब्ध गराउन सहयोग पुग्ने विश्वास नगरपालिकाको छ ।

तालिम समापनको अवसरमा सहभागी किसानहरूले प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्दै आफ्ना समुदायका अन्य कृषकलाई समेत जैविक खेतीतर्फ प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । नगरपालिकाले आगामी दिनमा पनि कृषकमैत्री सीपमूलक तथा प्रविधिमैत्री कृषि तालिमलाई निरन्तरता दिने जनाएको छ ।

# 'नवीनतम व्यवसाय र प्रविधिमा महिलाको पहुँच' विषयक गोष्ठी

भक्तपुर, १९ असार । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को महिला सशक्तीकरण उपसमितिको आयोजनामा 'नवीनतम व्यवसाय र प्रविधिमा महिलाको पहुँच' विषयक एक दिवसीय गोष्ठी शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले आधुनिक युगमा प्रविधि र डिजिटल साक्षरताविना व्यवसाय र सहकारी सञ्चालन असम्भव बन्दै गएको धारणा राख्दै भन्नुभयो, "अहिलेको युगमा प्रविधि जान्नु अनिवार्य भइसकेको छ । प्रविधि चलाउन नजान्ने हो भने जतिसुकै शिक्षित भए पनि त्यो अनपढजस्तै ठहरिन्छ ।"



सहकारी संस्थाहरूले कानुनसम्मत गरिरहेको कारोबारलाई व्यवस्थापन गर्न सङ्घहरूलाई सहकारी बैङ्कमा मर्ज गर्ने वा सङ्घहरू मिलेर सहकारी बैङ्क गठन गर्ने व्यवस्थाले सहकारीहरूलाई विस्थापित गर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

सङ्घका सञ्चालक एवं महिला सशक्तीकरण उपसमिति संयोजक सुशीला पराजुलीले विभिन्न संस्थामा आबद्ध व्यवसायी महिलाहरूलाई एकै ठाउँमा भेला गराई व्यावसायिक सञ्जाल निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो ।

उपसमिति सदस्य बन्दना पोखरेलले वर्तमान बजारमा डिजिटल मार्केटिङको महत्त्वबारे चर्चा गर्दै प्रविधिको विकास सँगसँगै नवीनतम व्यवसायको पहिचान र डिजिटल मार्केटिङको आवश्यकताबारे बताउनुभयो ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका वरिष्ठ प्रशिक्षक सुन्दरश्याम घिमिरेले नवीनतम व्यवसायमा प्रविधिको प्रयोग, बजारमा अवसरको पहिचान र व्यवसायको नेटवर्किङ (सञ्जाल विस्तार) का बारे बताउनुभयो ।

अर्का प्रशिक्षक अभिषेक रिसालले वर्तमान समयका चर्चित डिजिटल माध्यमहरू फेसबुक, भाइबर, इन्स्टाग्रामका साथै आधुनिक एआई प्रविधिहरू च्याट जीपीटी र गुगल जेमिनीको प्रयोगबारे प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा उपसमितिका सदस्य जमुना थापाले पनि बोल्नुभएको थियो ।

# एकमहिने बारिस्टा (कफी) तालिम सम्पन्न

भक्तपुर, १९ असार । मध्यपुर थिमि न.पा. वडा नं ७ स्थित ऐतिहासिक-सांस्कृतिक प्राचीन नगरी नगदेश/नागदेशमा स्थानीय वडाको बजेटमा युवा वर्गलाई सीप लक्षित गरी एकमहिने बारिस्टा (कफी) तालिम सम्पन्न भएको छ ।

सो कार्यक्रममा वडाध्यक्ष कृष्णाकुमार प्रजापतिले स्थानीय युवाहरूलाई सीप प्रदान गरी आय आर्जनमा टेवा पुगोस् भनी तालिम सञ्चालन गरेको बताउनुभयो । उहाँले सम्बन्धित विषयमा तालिम लिए व्यावसायिक जीवन यापन गर्न सरल, सहज र सुगम हुने विचार व्यक्त गर्नुभयो ।

कार्यपालिका सदस्य शर्मिला विश्वकर्मा, न.स.स.हरू भक्तराज खत्री र योगेन्द्रकुमार दुवालले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । सो तालिम प्रदायक सहृदयी संस्था जिनियस सर्भिस नेपाल प्रा.लि. थियो । प्रशिक्षणमा प्रशिक्षक सीताराम तामाङले पनि बोल्नुभएको थियो ।

# विभागद्वारा बर्डफ्लु सङ्क्रमित पन्छी बिक्री नगर्न निर्देशन

काठमाडौं, १९ असार । पशुसेवा विभागले बर्डफ्लु सङ्क्रमण भएका कुखुरा, हाँस, बट्टाइलगायत पन्छी बिक्रीवितरण गरेमा सम्बन्धित व्यवसायीलाई कारबाही गर्ने जनाएको छ ।

आमनागरिकको स्वास्थ्यसँग खेलवाड नगर्न आग्रह गर्दै विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले सङ्क्रमित पन्छी बजारमा बिक्री गरेको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिने जानकारी दिनुभयो ।

गत चैतदेखि देशका ११ जिल्लामा फैलिएको बर्डफ्लुका भाइरसले स्वरूप परिवर्तन गर्न सक्ने खतरा रहेकाले सावधानी अपनाउन विभागले निर्देशन दिएको हो ।

रोगको सङ्क्रमण नियन्त्रण गर्न प्राविधिकको टोली सङ्क्रमित क्षेत्र काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा सक्रिय रहेको बताउँदै उहाँले रोग अन्यत्र फैलिन नदिन उच्च सतर्कता अपनाइएको जानकारी दिनुभयो । सम्बन्धित जिल्लामा 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरिएकाले केही जिल्ला नियन्त्रणमा आउने क्रममा छन् ।

मरेको कुखुरा जथाभावी फाल्दा, सङ्क्रमित पन्छी नष्ट गर्दा मान्छेमा सर्न सक्ने जोखिम रहेकाले विशेष सावधानी अपनाउन विभागले आग्रह गरेको छ । काठमाडौं उपत्यकालगायत बर्डफ्लु पुष्टि भएका ११ जिल्लामा करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दानासमेत नष्ट गरिएको विभागले जनाएको छ ।

विभागका प्रवक्ता डा. उपाध्यायका अनुसार बर्डफ्लुको खोप प्रभावकारी रूपमा विकास नभएकाले सङ्क्रमण देखिनासाथ पन्छी तथा पन्छीजन्य उत्पादन नष्ट गर्नुको विकल्प छैन । प्रभावित क्षेत्रका जिल्ला प्रशासन कार्यालयमार्फत नष्ट गरिएका पन्छीको मूल्याङ्कन गरी मुचुल्का उठाउने र सम्बन्धित जिल्लाका किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन विवरण सङ्कलन कार्य भइरहेको जनाइएको छ । **रासस**

# शुक्रबार २५ अर्बको ऋणपत्र जारी हुँदै

काठमाडौं, १९ असार । नेपाल राष्ट्र बैङ्कले शुक्रबार रु. २५ अर्ब बराबरको एकवर्षे 'नेपाल राष्ट्र बैङ्क ऋणपत्र २०८४' जारी गर्ने भएको छ ।

राष्ट्र बैङ्कको मौद्रिक व्यवस्थापन विभागले शुक्रबार सूचना जारी गर्दै अनलाइन बोलकबोल प्रणालीमार्फत शुक्रबार दिउँसो ३:०० बजेसम्म बोलकबोल गरी ऋणपत्र जारी गरिने जनाएको हो । बोलकबोलबाट निर्धारण हुने ब्याजदरका आधारमा ऋणपत्र निष्कासन गरिने छ ।

सूचनाअनुसार ऋणपत्रको अवधि एक वर्ष रहनेछ भने साँवा २०८४ असार १९ गते भुक्तानी गरिने छ । ब्याज भने अर्धवार्षिक रूपमा भुक्तानी हुने छ ।

राष्ट्र बैङ्कका अनुसार न्यूनतम रु. पाँच करोड र त्यसपछि रु. पाँच करोडका दरले भाग जाने गरी कुल आह्वान रकमसम्म बोलकबोल गर्न सकिने छ । उक्त ऋणपत्र राष्ट्र बैङ्क तथा अन्य बैङ्क तथा वित्तीय संस्थामा धितोका रूपमा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

बोलकबोलमा राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था (काउन्टरपार्टी) मात्र सहभागी हुन पाउने छन् । बोलकबोलबाट स्वीकृत ब्याजदरका आधारमा ऋणपत्र बाँडफाँट गरिने राष्ट्र बैङ्कले जनाएको छ ।

स्वीकृत ऋणपत्र लगानी पोर्टफोलियोमा समावेश हुनेछ । यसलाई अनिवार्य नगद मौज्दात (सिआरआर) मा गणना गर्न नमिल्ने भए पनि वैधानिक तरलता अनुपात (एसएलआर) र खुद तरल सम्पत्ति अनुपातमा भने गणना गर्न सकिने व्यवस्था गरिएको छ । **रासस**

***असार....***

नगर परिक्रमा गरी सजाय गरेको दिनलाई भ्रष्टाचारीविरोधी दिवसको रूपमा स्मरण गर्दै आएको हो । यसबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्नु जरुरी छ ।"

कानुन अध्ययन समाज नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष राजु कैतीको मोहियानी हक र जग्गा दर्ताबारे जानकारी दिनुभएको थियो ।

आयोजक समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा आर. प्रजापति, पूर्णगोपाल राजचललगायतले बोल्नुभएको थियो ।

***व्यक्तिको...***

कलेज छनोट गर्दा आकर्षक विज्ञापनको आधारमा नभई कलेजको गुणस्तर, योग्यता, शैक्षिक उपलब्धि र उत्पादन गरेका जनशक्तिलाई आधार बनाएर छनोट गर्नुपर्नेमा जोड दिनुभयो । निजी कलेजका झिलिमिली र आकर्षक विज्ञापनको पछि नलागी आफ्नो रुचि, क्षमता र भविष्यलाई ध्यानमा राखेर अध्ययन संस्थाको छनोट गर्न उहाँहरूले विद्यार्थीलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा विद्यार्थी प्रतिनिधिहरूले आफ्नो अध्ययन अनुभव, आगामी शैक्षिक यात्राका योजना तथा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको प्रारम्भमा ख्वप माध्यमिक विद्यालयका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले स्वागत मन्तव्य व्यक्त गर्दै कक्षा १२ को अध्ययन सफलतापूर्वक सम्पन्न गरेका विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा यस वर्षको नेपाल टप विद्यार्थी अतुल अधिकारीलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

## सङ्क्षिप्त समाचार

# मेलम्चीको पानी आपूर्ति बन्द

काठमाडौँ, १९ असार । मेलम्ची खानेपानी आयोजनाको मुहानमा बाढी पसेपछि काठमाडौँ उपत्यकामा आपूर्ति भइरहेको पानी शुक्रबारदेखि अस्थायी रूपमा बन्द भएको छ ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रवक्ता वीरबहादुर चन्दका अनुसार मेलम्चीको मुहानमा पानी धमिलो भएपछि प्रशोधन प्रक्रिया जटिल हुँदा मेलम्चीबाट सुन्दरीजलस्थित प्रशोधन केन्द्रमा प्रवाह हुने पानीको आपूर्ति अस्थायी रूपमा रोकिएको हो ।

उहाँले भन्नुभयो, "वर्षाले मुहानमा पानी अत्यधिक धमिलो भएको छ, गुणस्तरमा सुधार आएपछि पुनः प्रशोधन प्रक्रिया सञ्चालन गरी पूर्वनिर्धारित वितरण तालिकाअनुसार पानी आपूर्ति सञ्चालन गरिनेछ ।" निरन्तर वर्षा भएमा काठमाडौँमा जल आपूर्ति गर्न केही समय लाग्नेछ । ***रासस***

# बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको अध्यक्षमा डा. सिंह

काठमाडौँ, १९ असार । सरकारले चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको रिक्त अध्यक्ष पदमा वरिष्ठ चिकित्सक डा. योगेन्द्रप्रसाद सिंहलाई नियुक्त गरेको छ । नियुक्तिपछि उहाँले शुक्रबार स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताबाट पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ । अध्यक्ष पदका लागि प्राप्त आवेदनमध्येबाट छनोट समितिले डा. योगेन्द्रप्रसाद सिंह, डा. अजयकुमार झा र डा. विजयचन्द्र आचार्यको नाम सिफारिस गरेको थियो । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा ४६ वर्ष लामो सेवा गरी अवकाश प्राप्त डा. सिंह स्वास्थ्य क्षेत्रका वरिष्ठ चिकित्सक हुनुहुन्छ । ***रासस***

# न्यूजिल्यान्ड पठाउने भन्दै ठगी गर्ने एक जना पक्राउ

काठमाडौँ, १९ असार । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी न्यूजिल्यान्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा भारतीय नागरिक सञ्जयकुमार पक्राउ परेका छन् ।

अभियुक्त एक जना बेरोजगारबाट रु. नौ लाख ८० हजार लिएर सम्पर्कविहीन भएका थिए । निजविरुद्ध पीडितको उजुरीपछि काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको प्रहरी टोलीले उनलाई काठमाडौँ महानगरपालिका-१६ बाट गत बुधबार पक्राउ गरेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको छ । ***रासस***

## लघु कथा

# भ्रष्टाचारविरोधी स्मरण दिवस

✍ गङ्गा

हिजो २०२६ असार १९ र २०२५ साउन २ गतेको भ्रष्टाचारविरोधी स्मरण दिवस मनाउन साथीहरू मलाई 'आउनु है' भनेर बोलाउन आए । त्यसलाई हामी नयाँ पुस्ताका युवा विद्यार्थीहरूले पनि मनाउनुपर्छ । ती आन्दोलनको स्मरण गर्नुपर्छ भन्दै थिए । कक्षा ११/१२ पढ्दै गरेकी छोरी युनिकाले कोठामा बिहान पत्रिका पढ्दै गरेका बुबालाई चिया दिएर भनिन्, "बुबा... म त आउँदिन भन्दिएँ, भ्रष्टाचार न स्रष्टाचार । मलाई सहभागी हुन खबर गर्न आएका साथीहरू केही नभनिकन गए । मैले भनेजस्तो र चाहेजस्तो तपाईंहरूले पुऱ्याउनुभएकै छ, होइन बुबा ?"

पत्रिका पढ्दै गरेका बुबाले चियाको चुस्की लिएर छोरीलाई बुबाले त्यसको छोटो इतिहास सुनाए, "छोरी, हिजो हजुरबुबा र हाम्रो पालामा खेतमा राम्रो उत्पादन हुँदैनथ्यो । उत्पादन भएको अन्न सबै जग्गाधनीलाई तिर्न जसोतसो पुग्थ्यो । हामीलाई खान पुग्दैनथ्यो । किसानको खाइ नखाइकन जसोतसो जम्मा पारेको धान र मकै त्यसबेलाका किसान नेता भनिएका सहकारीका केही भ्रष्ट मान्छेले ती कृषकहरूलाई थाहै नदिइकन नाफा खाए । उनीहरूले त्यसलाई व्यापार र व्यवसायमा लगानी गरी नाफा खाए । उनीहरूले समयमा किसानहरूलाई मल र बीउ उपलब्ध गराएनन् । त्यसैको सजाय स्वरूप अग्रज किसान कार्यकर्ताहरूले ती भ्रष्टहरूलाई उल्टो टोपी लगाएर सहर घुमाएका थिए । त्यही सङ्घर्ष र आन्दोलनले गर्दा हामीले जोतिआएको जग्गाको आधा मोहियानी हक पाएका थियौँ । चामलको भात खान नपाएका किसानले आज खान पाए । आज प्रतिआना जग्गाको लाखौँ करोडौँ पुगेको छ, छोरी । आज देशमा यही भ्रष्टाचारले गर्दा भ्रष्टाचारीहरू मोटाएका छन् । देश भने खोक्रो हुँदै छ ।"

उनले फेरि थपे, "छोरी ! तिमीहरूलाई लेखपढ गराउन र आरामका साथ हुर्काउन सकेको हो । पहिला हाम्रा हजुरबुबा र हामीले खान, लगाउन नपाएर धेरै दुःख भोग्यौँ । यसैको फल आज तिमीहरूजस्ता किसानका सन्तान डाक्टर, नर्स, इन्जिनियर, पाइलट, शिक्षक, प्राध्यापक, व्यवसायी, वकिल आदि भए । त्यसको ऋण र गुण तिमीहरूले त्यसरी पढेर लडेर समाज र देशको सेवा गर्नुपर्छ ।"

"ए, त्यसो पो बुबा ! मलाई त थाहै भएन । तपाईंले पनि हामीलाई बेलैमा सुनाउनुभएन । अब साथीहरूसँग म माफी माग्छु । अनि मेरा साथीहरूलाई पनि लिएर भ्रष्टाचारविरोधी स्मरण दिवस कार्यक्रममा सहभागी हुन्छु" भन्दै छोरी युनिका माथि भान्छामा आमालाई सघाउन गइन् ।



**अरनिको राजमार्गमा पर्खाल निर्माण**

विस्तारित अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको धुलिखेल-खावा सडकखण्डको पाँचखाल नगरपालिका-५ खावामा पर्खाल बनाइँदै । स्तरोन्नति भइरहेको उक्त सडकखण्डलाई तीव्रता दिन जिल्ला सुरक्षा समितिले यही असार २२ गतेदेखि आगामी साउन ४ गतेसम्म रातको समयमा सवारीसाधन आवागमनमा रोक लगाउने जनाएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# औषधि आपूर्ति शृङ्खलामा सुधार गर्न निर्देशन

काठमाडौँ, १९ असार । औषधि व्यवस्था विभागले मुलुकमा औषधि आपूर्ति शृङ्खलामा सुधार गर्नका लागि ६ बुँदे निर्देशन जारी गरेको छ ।

औषधि व्यवस्था विभागका निमित्त महानिर्देशक शिवानी खड्गीले मुलुकमा औषधि आपूर्ति शृङ्खलामा सुधार गर्न र बजारलाई व्यवस्थित गर्न स्वदेशी औषधि उत्पादक, पैठारीकर्ता, थोक बिक्रेता तथा खुद्रा बिक्रेतालाई कार्यान्वयनका लागि सो निर्देशन जारी गरिएको बताउनुभयो । निर्देशनअनुसार सबै स्वदेशी उत्पादक तथा औषधि पैठारीकर्ताले आफ्ना आधिकारिक थोक बिक्रेतासँग लिखित सम्झौता गर्नुपर्ने छ । लिखित सम्झौताबिना कुनै पनि औषधि आपूर्ति वा वितरण गर्न निषेध गरिएको निर्देशनमा उल्लेख गरिएको छ ।

यस्तै सबै स्वदेशी उत्पादक तथा औषधि पैठारीकर्ताले आफ्ना आधिकारिक थोक बिक्रेताको अद्यावधिक सूची आफ्नो आधिकारिक वेबसाइट प्रकाशित गर्नुका साथै औषधि व्यवस्था विभागको आधिकारिक पोर्टलमा पनि उपलब्ध गराउनुपर्ने छ ।

थोक बिक्रेताले औषधि व्यवस्था विभागमा दर्ता भएका खुद्रा औषधि पसल, सरकारी स्वास्थ्य संस्था, अस्पताल तथा प्रचलित कानुनबमोजिम दर्ता भएका संस्थालाई मात्र औषधि बिक्री वितरण गर्नुपर्ने छ । सबै खुद्रा बिक्रेताले उत्पादक वा औषधि पैठारीकर्ताद्वारा अधिकृत थोक बिक्रेताबाट मात्र औषधि खरिद गर्नुपर्ने निर्देशनमा भनिएको छ ।

यस्तै अस्पताल, स्वास्थ्य संस्था तथा अन्य संस्थागत खरिदमा प्रयोग हुने औषधिको प्याकेजिङ लेवलिङ्मा 'संस्थागत आपूर्ति मात्र' भनेर स्पष्ट रूपमा उल्लेख हुनुपर्दछ । यस्ता औषधि खुद्रा बिक्रीका लागि प्रयोग गर्न निषेध गरिएको निर्देशनमा उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०८३/८४ देखि थोक बिक्रेताले औषधि बिक्री वितरण प्रमाणपत्र नवीकरण गर्दा उत्पादक पैठारीकर्ता भएको लिखित सम्झौताको प्रमाणित प्रतिलिपी अनिवार्य पेस गर्नुपर्ने निर्देशनमा उल्लेख छ । ***रासस***

# बर्डफ्लु प्रभावित किसानलाई क्षतिपूर्तिका लागि ५० करोड निकासा

काठमाडौँ, १९ असार । कृषि, वन तथा वातावरण मन्त्रालयले बर्डफ्लुबाट प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन रकमान्तर गरेर पशुसेवा विभागलाई रु. ५० करोड निकासा गरेको छ ।

मन्त्रालयले बर्डफ्लु पुष्टि भएका ११ जिल्लामा नष्ट गरिएका पन्छी, अण्डा तथा दानाको क्षतिपूर्ति वितरणका लागि उक्त रकम विभागलाई उपलब्ध गराएको हो । बर्डफ्लुबाट आर्थिक नोक्सानी बेहोरेका किसानलाई राहतस्वरूप क्षतिपूर्ति वितरण गर्न विभागले मन्त्रालयसँग रकम माग गरेको थियो ।

विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले निकासा भएको रकम पीडित किसानलाई क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराइने जानकारी दिनुभयो ।

विभागका अनुसार बर्डफ्लु सङ्क्रमण देखिएका काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दाना नष्ट गरिएको थियो । यसबाट रु. ७० करोड बराबरको क्षति भएको थियो ।

बर्डफ्लु रोग नियन्त्रण (चौथो संशोधन) २०७४ अनुसार प्रमाणित क्षतिको विवरणका आधारमा नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्रीको मूल्याङ्कन गरी सम्बन्धित धनीलाई क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था छ ।

गत चैतदेखि देशको पूर्वी क्षेत्रबाट फैलिन सुरु भएको बर्डफ्लु सङ्क्रमण हाल ११ जिल्लामा देखिएको छ । भाइरसको स्वरूप परिवर्तन हुनसक्ने जोखिम रहेकाले सम्भावित सङ्क्रमण नियन्त्रणका लागि पन्छी, अण्डा तथा दाना नष्ट गरिएको प्रवक्ता उपाध्यायले बताउनुभयो ।

रोग नियन्त्रणका लागि विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्डफ्लु रोग नियन्त्रणकक्ष स्थापना गरिएको छ । रोग देखिएका क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी नियन्त्रणको प्रयास जारी छ । ***रासस***

# नेपाललाई स्वर्णसहित तीन पदक

काठमाडौँ, १९ असार । नेपालले १६ औँ दक्षिण एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा स्वर्णसहित तीन पदक प्राप्त गरेको छ ।

भुटानको थिम्पुमा जारी प्रतियोगितामा एक स्वर्ण, एक रजत र एक कास्य पदक प्राप्त गरेको नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासङ्घका सचिव दिनेशकुमार राजभण्डारीले जानकारी दिनुभयो । पुरुष स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमुनि आकाश श्रेष्ठले नेपाललाई स्वर्ण दिलाउनुभयो ।

त्यसैगरी, महिला एथलेटिक फिजिकमा सीता खत्रीले रजत जित्नुभयो । पुरुष स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमाथि पुकार शाक्यले कास्य पदक हात पार्नुभयो । तीनै खेलाडीको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हो । दक्षिण एसियाली शारीरिक सुगठनको पहिलो संस्करणदेखि नै नेपाल सहभागी हुँदै आएको छ । ***रासस***

# एमालेका पूर्वसांसद कोइरी पक्राउ

महोत्तरी, १९ असार । प्रतिनिधिसभाका पूर्वसदस्य महोत्तरीको गौशाला-२ का बासिन्दा लक्ष्मी महतो कोइरीलाई प्रहरीले पक्राउ गरेको छ ।

बुधबार उच्च अदालत जनकपुरधामले सशस्त्र प्रहरीका असइ (सशस्त्र प्रहरी सहायक निरीक्षक) थमन विक हत्या प्रकरणमा पाँच वर्ष कैद सजाय फैसला गरेलगत्तै कोइरीलाई प्रहरीले बिहीबार साँझ गौशाला-५ स्थित एमाले पार्टी कार्यालय परिसरबाट पक्राउ गरेको हो ।

कोइरीलाई अदालतको फैसलाअनुसार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले पुष्टि गर्नुभयो ।

यसअघि महोत्तरी जिल्ला अदालतले २०८० साल मङ्सिर २८ गते गरेको यसै मुद्दाको फैसलामा कोइरीलाई सफाइ दिइएको थियो । मुद्दा चलिरहेकै बेला २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी-१ मा नेकपा (एमाले) बाट निर्वाचित कोइरी यसपालि गत फागुनको चुनावमा पनि उम्मेदवार हुनुहुन्थ्यो । कोइरी यसपालि पराजित हुनुभयो ।

नेकपा (एमाले) को मधेस प्रदेश कमिटी सदस्य रहनुभएका कोइरीलाई पक्राउ गरी बिहीबार नै जिल्ला सदरमुकाम जलेश्वर पुऱ्याइएको छ । सशस्त्र प्रहरीका असइ विकलाई २०७२ भदौमा मधेस आन्दोलन जारी रहेका बेला जलेश्वरको सडकमै निर्घात कुटपिट गरिएको थियो । जलेश्वरमा प्रारम्भिक उपचार गरेर थप उपचारका लागि एम्बुलेन्समा जनकपुर लैजाँदै गर्दा बाटो ढुकेर बसेका केही व्यक्तिले उहाँलाई झारेर कुटीकुटी गरी हत्या गरेका थिए । ***रासस***

।सम्पादकीय।

# दलीय व्यवस्थामा दललाई निषेध गर्नु उपयुक्त नहुने

सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले गैरदलीय स्थानीय सरकारको अवधारणा अघि सारेपछि राजनीतिक वृत्त र नागरिक समाजमा चर्चाको विषय बनेको छ । देशको दलीय या बहुदलीय व्यवस्थामा गैरदलीय निर्वाचन कसरी हुन्छ भन्ने प्रश्न राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । दलीय व्यवस्थामा राजनीतिक दलका उम्मेदवारहरू हटाउनुपर्ने अवधारणा या प्रावधान दलको लोकतान्त्रिक व्यवस्थाविरूद्धको कदम हो । बहुदलीय व्यवस्थामा स्थानीय तहमा गैरदलीय भनेको निर्दलीय निर्वाचन प्रणालीझैं हुन्छ । निर्दलीय निर्वाचन प्रणाली निरङ्कुश राजतन्त्रात्मक व्यवस्थाजस्तै हुन्छ । निर्दलीय व्यवस्था अन्त्य गरी बहुदलीय व्यवस्था स्थापना गर्न देशका सयौं सपुत नेपालीले रगतको खोलो बगाएका थिए । वीर सहिद र सपुत नेपालीले ज्यानको बाजी राखेर प्राप्त गरेको बहुदलीय यो व्यवस्थामा फेरि स्वतन्त्रको नाउँमा निरङ्कुश शैलीलाई भित्र्याउने काम के लोकतान्त्रिक मूल्य र मान्यताविपरीत छैन ?

प्रजातान्त्रिक देशमा कुनै पनि दल र दलका व्यक्तिले उम्मेदवारी दिन पाउँछ । त्यो निर्वाचनमा दलका उम्मेदवार नै हुनुपर्छ भन्ने छैन । पहिलेको निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका थिए; कति ठाउँमा निर्वाचित भए । दलको सिद्धान्त या विचारअनुसार कुनै दलले निर्वाचनमा भाग नलिन पनि सक्छ । यो पनि विगतको निर्वाचनमा भोग्दै आएको हो । निर्वाचनमा दलीय उम्मेदवार जित्दा कुनै काम गर्न दलको दैलो कुर्नुपर्ने कुरा दृष्टिदोष हो । दलका उम्मेदवार गलत व्यक्ति भए, अत्याचारी, दमनकारी, शोषक, सामन्त, प्रतिक्रियावादी, बेइमान, ठग, सामाजिक अपराधी या हत्या हिंसा, चोरी चकारीमा लागेका भए, महिला बेचबिखन, भ्रष्टाचार, अनियमितता तथा अन्य आपराधिक गतिविधिमा संलग्न भएका जुनसुकै दलका उम्मेदवारलाई हराउनुपर्छ; हराउन जनता सचेत हुनुपर्छ । कुन उम्मेदवारलाई जिताउने या हराउने भन्ने कुरा जनताको हातमा छ; जनताले सही, उम्मेदवारलाई जिताउने हो; जिताउनुपर्छ । दलको होस् या स्वतन्त्र उम्मेदवार निर्वाचनमा जितेपछि कुनै पनि उम्मेदवार जनताका प्रतिनिधि हुन्छन्; जनताको प्रतिनिधि भएर आफ्नो दायित्व निर्वाह गर्नुपर्छ ।

जनताका प्रतिनिधिले जनताको काम गर्दा भेदभाव गर्न पाउँदैन; दलको आधारमा सिफारिस रोक्ने काम गर्नु हुँदैन । जनताको कुनै काम जुनसुकै दलको सदस्य, समर्थक भए पनि उसले काम गर्नुपर्छ । गलत काममा आफ्नो दलको होस् या अरू दलको सिफारिस गर्नुहुँदैन । जनप्रतिनिधिहरू न्याय अन्याय छुट्याउने न्यायाधीश सरहका हुन्छन् । निर्वाचित स्वतन्त्र व्यक्ति पनि जनताकै प्रतिनिधि हुन् । कुनै दलका सदस्य, समर्थक भनेर सिफारिस गर्न रोक्ने काम गर्नु न्यायोचित होइन । संसारभर नै दलीय प्रतिस्पर्धाको समय भएको हुँदा स्थानीय तहको निर्वाचन दलीय कि गैरदलीय भनेर बहस गर्नुपर्ने विषय होइन । प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्ने हो; प्राप्त अधिकारलाई उपयोग गर्दै थप अधिकार प्राप्त गर्न सङ्घर्ष गर्ने हो; जनताका हक अधिकारलाई सुनिश्चित गर्ने हो ।

जुनसुकै दलबाट निर्वाचित जनप्रतिनिधिहरू भए पनि जनताप्रति उत्तरदायी हुन्छन्, हुनुपर्छ । यदि जनताप्रति उत्तरदायी हुँदैन भने त्यस्ता उम्मेदवारलाई अर्को निर्वाचनमा जनताले हराउनुपर्छ; हराउन सचेत हुनुपर्छ । दलबाट निर्वाचित भएपछि जनताको दैनिकी काममा या कुनै सिफारिसमा दलको ह्विप पर्खेर बस्नुपर्ने होइन । कुनै विवादित कुरा आएमा, सिफारिस लिन आएमा जनप्रतिनिधिले स्थानीय जनतासँग परामर्श गर्ने, जनतामाझ छलफल गर्ने, राय सल्लाह लिने काम हुन्छ । जनप्रतिनिधिले निष्पक्षरूपमा काम गर्नुपर्छ । कुनै उम्मेदवार दलको होस् या स्वतन्त्र, असल, योग्य, इमानदार, सक्षम, देशभक्त, नि:स्वार्थी, जनसेवक, दूरदर्शी, जनताको दु:ख-सुख बुझ्ने, दु:ख-सुख बुझेर काम गर्ने व्यक्ति हुनुपर्छ ।

# रहमानको मलेसिया–चीन भ्रमणले भारतमा ल्याएको तरङ्ग

✍ ऋषि गुप्ता


बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले २२ जुनमा मलेसियाबाट आफ्नो पहिलो विदेश भ्रमण सुरु गरे । यसलाई बङ्गलादेशको बदलिँदो विदेश नीतिको सङ्केत मान्न सकिन्छ । भारतमा रहमानको यस भ्रमणलाई ढाकाको लामो समयदेखिको कूटनीतिक परम्पराबाट 'क्रमभङ्ग' भएको रूपमा हेरिएको छ ।

विगतमा बङ्गलादेशका नयाँ प्रधानमन्त्रीले आफ्नो पहिलो विदेश भ्रमणको गन्तव्य प्राय: नयाँदिल्ली बनाउँथे । तथापि, पूर्वप्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि भारत–बङ्गलादेशमाझ बढेको तनावबिच यो परिवर्तन पूर्णतया अप्रत्याशित भने होइन । र, बङ्गलादेशभित्रका विश्लेषकले यसलाई देशको विदेश नीतिलाई भारत–केन्द्रितबाट सन्तुलित दृष्टिकोणमा परिवर्तन गर्ने प्रयासका रूपमा व्याख्या गरेका छन् ।

रहमान मलेसिया भ्रमण सकाएर त्यहीँबाट चीन गए । रहमान २४ जुनसम्म चीनमा रहे, जहाँ उनी चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणमा गएका थिए । नि:सन्देह, लामो समयदेखिको मित्रवत् छिमेकी भएकाले नयाँदिल्ली रहमान पहिले विदेश भ्रमणमा भारत आइदिऊन् भन्ने चाहन्थ्यो । तर, अन्तिम निर्णय फेरि पनि ढाकाकै हातमा थियो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभा (केन्द्रको तल्लो सदन)का सभामुख ओम बिरलामार्फत फेब्रुअरी २०२६ मै नवनिर्वाचित प्रधानमन्त्री रहमानलाई भारत भ्रमणको निमन्त्रणा पठाएका थिए । बिरला रहमानको शपथ ग्रहण समारोहमा सहभागी पनि भएका थिए ।

भारतसँगको प्रारम्भिक कूटनीतिक सम्पर्कमा रहमान सकारात्मक देखिए पनि उनले सम्भवत: घरेलु विवादबाट बच्न पनि भारत भ्रमण नगरेका हुन सक्छन् । बङ्गलादेशका धेरै मानिस अझै पनि नयाँदिल्लीमा सेख हसिनाको उपस्थितिलाई दुई देशबिचको सम्बन्धको बाधा मान्छन् । आफ्नो पहिलो विदेश यात्रा गन्तव्यका रूपमा मलेसिया रोजेर रहमानले मिडियाको ध्यान मोड्ने प्रयास गरेका हुन सक्छन्, तैपनि भारतभन्दा पहिले चीन भ्रमण गर्नुलाई नयाँदिल्लीमा बदलिएको रणनीतिक सङ्केतका रूपमा नै हेरिनेछ ।

रहमानको मलेसिया भ्रमणको राजनीतिक सन्देशभन्दा पर हेर्ने हो भने क्वालालम्पुरसँगको सम्बन्धले बङ्गलादेशका लागि ठुलो महत्त्व राख्छ । सन् १९७१ मा स्वतन्त्र भएको बङ्गलादेशसँग लगत्तै (सन् १९७२ मा) कूटनीतिक सम्बन्ध स्थापना गर्ने सुरुवाती देशमध्ये मलेसिया पनि एक थियो ।



बहुसङ्ख्यक मुस्लिम जनसङ्ख्या भएका यी दुवै देशबिच सम्बन्ध प्रगाढ रहेकाले यसले जनता-जनताबिचको आदानप्रदानका अवसर खुलायो । यसैकारण सन् १९७६ सम्ममै बङ्गलादेशीले रोजगारीको खोजीमा मलेसियालाई गन्तव्य बनाउन थालिसकेका थिए ।

आज, विदेशमा रहेका करिब ७० लाख बङ्गलादेशी आप्रवासी कामदारमध्ये लगभग १० लाख मलेसियामै छन् । रहमानले यस भ्रमणमा श्रमको विषयलाई मुख्य मुद्दा बनाएका थिए, जुन संयुक्त वक्तव्यमा पनि आएको थियो । वक्तव्यअनुसार दुई देशबिच श्रम, शिक्षा, पर्यटन, राजनीतिक सहयोग, व्यापार र लगानी सहयोगका साथै हलाल उद्योग, डिजिटल अर्थतन्त्र, एआई, साथै अर्धचालक, ऊर्जा, रक्षा र सुरक्षा सहयोगका विषयमा छलफल भयो ।

नयाँदिल्लीसँग दूरी कायम गर्ने प्रयास गर्ने पहिलो देश होइन बङ्गलादेश । क्षेत्रीय मामिलामाथि नजर राख्नेहरूका अनुसार विगत एक दशकको अवधिमा भारतीय उपमहाद्वीपका अन्य देशले पनि आफ्नो विदेश नीतिको दिशा परिवर्तन गर्ने प्रयास गरेका थिए । उदाहरणका लागि, सन् २००८ (वि.सं २०६५) मा नेपालका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले परम्परा तोड्दै बेइजिङको भ्रमण गरे । उनी सन् २००८ को ओलम्पिक खेलकुदको समापन समारोहमा विशेष अतिथिका रूपमा चीन गएका थिए । उसो त प्रचण्डको चीन भ्रमणलाई औपचारिक राजकीय भ्रमण मानिएको थिएन, तर त्यसले भारतमा चिन्ता बढाएको थियो ।

त्यसैगरी, सन् २०१७ मा माल्दिभ्सका राष्ट्रपति अब्दुल्ला यामिनले आफ्नो पहिलो विदेश भ्रमण भारतको नभई चीनको गरे । यामिनले आफ्नो कार्यकालभरि माल्दिभ्सको विदेश नीतिका रूपमा 'चीन पहिलो' दृष्टिकोण प्रवर्द्धन नै गरे । यामिनको पाइला पछ्याउँदै, माल्दिभ्सका वर्तमान राष्ट्रपति मोहम्मद मुइज्जुले पनि भारतलाई केन्द्रमा नराख्ने विदेश नीतिको सङ्केत गरे । चुनावको समयमा 'इन्डिया आउट' मुइज्जुको प्रमुख मुद्दा बनेको थियो । निर्वाचित भएदेखि नै मुइज्जुले माल्दिभ्समा रहेका भारतीय प्राविधिक कर्मचारी फिर्ता गर्ने प्रयास गरे । बङ्गलादेशका रहमानले पनि केही हदसम्म यस्तै रणनीति अपनाएका छन् ।

नेपाल, माल्दिभ्स र अहिले बङ्गलादेशजस्ता छिमेकी देशले क्षेत्रीय शक्ति मुख्यतया भारत र चीनबिच सन्तुलन कायम राख्न नयाँ तरिका खोजिरहेका देखिन्छन् । यस्तोमा नयाँदिल्लीका अधिकारीमाझ भने क्षेत्रीय सन्तुलन कायम गर्ने धुनमा छिमेकी आफूहरूबाट धेरै टाढिने हुन् कि भन्ने चिन्ता छाएको छ । भारतका छिमेकी देशमा यो परिवर्तन अझ बढ्न सक्छ । विशेषगरी राजनीतिमा नयाँ पुस्ताको आगमनसँगै यो सम्भावना बढ्न सक्छ । भारतका छिमेक देशमा उदाइरहेका नयाँ पुस्ताका नेताले न भारतसँगको ऐतिहासिक सम्बन्धको महत्त्व महसुस गरेजस्तो देखिन्छ, न त तिनले विगतजस्तो चीनलाई प्राकृतिक प्रतिद्वन्द्वीका रूपमा हेरेझैं नै देखिन्छ ।

भारतले यो बुझ्नुपर्छ कि छिमेकी देशले सञ्चालन गरिरहेका कूटनीतिक प्रयोगप्रति प्रतिक्रियावादी दृष्टिकोण सही रणनीति नहुन सक्छ । 'सतर्क आशावाद' जस्तो रणनीति उपयोगी हुन सक्छ, जहाँ छिमेकी देशसँग निरन्तर साझेदारीका लागि अग्रगामी सोच अपनाइन्छ । नयाँदिल्लीले यो परिवर्तनलाई बुझेर नयाँ साझेदारसँग संलग्न हुन इच्छुक हुनुपर्छ ।

***(गुप्ता वैश्विक रणनीतिक मामिलाका विशेषज्ञ हुन् ।)***

***- द प्रिन्टबाट***

# के यी सत्य हुन् ?

**रास्वपाबारे**

- गएको फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचन प्रचारमा रास्वपाबाट झापा ५ मा उम्मेदवार भएका बालेन साहले चढेको करोडौं रूपैयाँ पर्ने ल्यान्डरोभर गाडीसहित ६ ओटा विलासी गाडी भन्सार छलेर भित्रिएको छानबिन गरिरहेको अख्तियारलाई प्रधानमन्त्री कार्यालयको 'मुद्दा अघि नबढाई करमात्र तिराएर उन्मुक्ति दिनू' भन्ने ठाडो निर्देशनपछि उक्त फाइल तामेलीमा पुगेको छ ।
- रास्वपा सरकारले सरकारी गाडीहरूमा निजी नम्बर प्लेट राखेर आफ्ना नजिककालाई चढाउने र मन्त्रालयमा उपप्रधानमन्त्रीसहित पनि जम्बो सचिवालय बनाई ठुलो राज्य खर्च गर्दै छ । यसरी नेका, एमाले, माओवादी सरकारले भन्दा रास्वपा सरकारले जनताको आँखामा छारो हाल्ने काम प्रशस्त गर्दै छ ।
- एक अभिनेत्रीले सरकारका एक मन्त्री नजिकका एक कार्की थरका केटाले घडीघडी फोन गरी दुर्व्यवहार गरेको बारे साइबर प्रहरीलाई फोनमार्फत जानकारी गराउँदा 'यस्तो दुर्व्यवहार अपराध नहुने' भनी साइबर प्रहरीले पन्छिएको सार्वजनिक गरिन् ।
- रास्वपा सांसद पुरुषोत्तम यादवले बालेन सरकार कुम्भकर्ण निन्द्रामा भएको र घण्टी बजाएर जोगाउने बेला भएको संसद्मा अभिव्यक्ति दिए ।
- सम्पत्ति शुद्धीकरण मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका दीपक भट्टसँग आर्थिक साझेदारीमा मुछिएका गृहमन्त्री सुधन गुरुङले राज्यलाई बुझाएको सम्पत्ति विवरणमा करोडौं नगद, शेयर र चाँदीको परिणाम अभिलेख फरक भएको हालै सार्वजनिक भयो ।
- जेनजी विद्रोहमा ८ अर्ब रूपैयाँको गाडी जलाइएको थियो । रास्वपा सरकारले आगामी आवको बजेटमा ३ अर्बको गाडी खरिद गर्ने व्यवस्था गरको छ । यसलाई राष्ट्रघातीको सुशासन भनी व्यङ्ग चलिरहेको छ ।
- रास्वपाको बालेन साह सरकारको एक सय दिनमा बजेटको कर प्रस्ताव चुहिँदा इभी गाडी आयातकर्ताबाट अर्थमन्त्री वाग्लेले २ अर्ब रूपैयाँ कमिसन खाएको विषय संसद्मा उठेपछि अर्थमन्त्री वाग्लेले 'विपक्षीहरूको अघिल्लो सरकारको काण्डबारे अनभिज्ञ हो र' भनी प्रश्न उठाए । सरकारले कसैको आपराधिक घटनाको जानकारी भए 'अनभिज्ञ हो र' भनी तर्साउने होइन, आवश्यक मुद्दा दायर गर्ने हो ।
- रास्वपाका सांसद सागर ढकाल पनि सन् २०१५ मा अमेरिकन युथ काउन्सिलको सदस्य भएको सार्वजनिक भयो ।

**दाहाल र ओलीबारे**

- पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्व पटक-पटक प्रधानमन्त्री बन्न कहिले काङ्ग्रेस, कहिले एमाले र कहिलेकाहीँ अन्य दलसँग मिल्यो, जनताले हामीलाई काङ्ग्रेस एमालेभन्दा अझ बढी पद र पैसाका निमित जे पनि गर्ने देखे ।
- माओवादी सशस्त्र द्वन्द्वको बेला प्रचण्डको लागि 'स्पेसल रक्सी' बनाउने र बोक्ने टीम नै भएको तत्कालीन लडाकु विजय केसी 'विकल्प' ले एक सञ्चारमाध्यममा सार्वजनिक गरे ।
- हामीलाई बारबरा फाउन्डेसन, अमेरिकन युथ काउन्सिल, टीओबीबारे थाहा थियो । कतिपय पत्रकारहरूलाई तालिम दिएको र करोडौं-अर्बौं डलर खर्च भइरहेको पनि थाहा थियो । नेका, एमाले, माओवादी मिलेपछि कसको के लाग्छ भनी हामीले बेवास्ता गर्‍यौं ।
- भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नारायणहिटी सफा गर्न लगाइएको सूचना आफूले पाएको प्रचण्डले दाबी गरे । केपी शर्मा ओलीले अन्तरिम सरकार गठन गर्न पत्र लेखेको र आफूले संसद् विघटनको पक्षमा सहमति नदिएको प्रचण्डको थप स्पष्टीकरण थियो ।

मजदुर
२० असार, २०८३ (4 July, 2026)



# स्वतन्त्रताका लडाकु प्याट्रिस इमेरी लुमुम्बा - ३

**संवैधानिक सङ्कट**

५ सेप्टेम्बर, १९६० मा राष्ट्रपति कासाभुबु (Kasavubu) ले एक घोषणामार्फत प्रधानमन्त्री प्याट्रिस लुमुम्बाको सरकारलाई संविधानको धारा २२ (Fundamental Law, Article 22) अनुसार आफ्नो कर्तव्य पूरा गर्न नसकेको हुँदा अपदस्थ गर्यो । त्यसको ठाउँमा संसद्को माथिल्लो सदनको सभापति जोसेफ इलेओ (Joceph Ileo) को नेतृत्वमा एक नयाँ सरकार बनाउन एक अध्यादेश जारी भयो । त्यस अध्यादेशलाई मन्त्रिपरिषद्को स्वीकृति प्रदान गराउन दुई मन्त्री जस्टिन बोम्बोकी (Justin Bomboki) र अल्बर्ट डेलामोभक्स (Albert Delamovux) को समेत हस्ताक्षर थियो ।

५ सेप्टेम्बरको रातमै प्रधानमन्त्री लुमुम्बाले मन्त्रिपरिषद्को बैठक राखेर राष्ट्रपतिको गैर-संवैधानिक कदमलाई विरोध जनायो र संविधानलाई उल्लङ्घन गरेकोमा मन्त्रिपरिषद्ले राष्ट्रपतिलाई अपदस्थ गरेको घोषणा गर्यो ।

७ सेप्टेम्बरको दिन संसद् बस्यो र १९ मतको विरोधमा ६० मतले मन्त्रिपरिषद् र राष्ट्रपतिको बिचमा मेलमिलाप गराउन दुई जना सल्लाहकारहरूको एक समिति बनायो ।

८ सेप्टेम्बरको दिन माथिल्लो सदनको बैठक बस्यो । ४१ मतले राष्ट्रपतिको कदमको विरोध गरे र २ जनाले निर्णयको विरोध गरे तथा ६ जनाले मत दिएनन् र २९ जना अनुपस्थित थिए ।

९ सेप्टेम्बरको दिन राष्ट्रपति कासाभुबुले आफ्नो निर्णयको निम्ति संसद्को स्वीकृति आवश्यक नभएको घोषणा गरे ।

१२ सेप्टेम्बरको दिन सेना प्रमुखको आदेशमा प्र.म. लुमुम्बा सशस्त्र प्रहरीद्वारा पक्राउ गरिए तर परिस्थिति अन्योलपूर्ण हुँदा छोडिए । १३ सेप्टेम्बरको दिन दुवै सदनको संयुक्त बैठक बस्यो । बैठकको बहुमत अर्थात् ८८ मतले प्रधानमन्त्री लुमुम्बालाई शासनको पूर्ण अधिकार दियो, ५ मतले त्यस निर्णयको विरोध गरे तथा ३ जना अनुपस्थित थिए ।

१४ सेप्टेम्बर १९६० को दिन राष्ट्रपति कासाभुबुले संसद्को बैठक स्थगन भएको घोषणा गरे । तर, प्रतिनिधिसभाको सभामुख र माथिल्लो सदनको उपसभापतिले राष्ट्रपतिको सदनको स्थगनलाई अस्वीकार गरे ।

१४ सेप्टेम्बरको साँझ कङ्गोली राष्ट्रिय सेना प्रमुख जोसेफ मोबुतु (Colonel Joseph Mobutu) ले देशको केन्द्रीय राजनैतिक अङ्गहरूलाई नियन्त्रणमा लिएको र देशको सरकारको सञ्चालन ३१ डिसेम्बर १९६० सम्म सेनाको युवा कलेजको एक समितिले चलाउने घोषणा गर्‍यो ।

१५ सेप्टेम्बरको दिन लुमुम्बाले लियोपालभिलको घानाका अफिसरहरूको क्षेत्रमा शरण लिए । विद्रोही सिपाहीहरूले घेरिएको हुँदा लुमुम्बाको सुरक्षाको निम्ति संयुक्त राष्ट्र सङ्घको महासचिवको विरोध प्रतिनिधिको व्यक्तिगत हस्तक्षेपले घानाका सैनिक टुकडीहरू मिलेर लुमुम्बालाई त्यस रात आफ्नो निवास लगियो । तर, त्यसै दिन प्रधानमन्त्री बनेका इलेओ (Ileo) ले संयुक्त राष्ट्र सङ्घको आयोग (ONUC) लाई लुमुम्बालाई पक्राउ गर्न भने । विशेष प्रतिनिधिले त्यो अनुरोध अस्वीकार गर्यो । लुमुम्बाले असुरक्षित अनुभव गरे ।

२० सेप्टेम्बरको दिन सेना प्रमुख मोबुतुले सैनिक जनरलहरूको एक टोलीले सरकार चलाउने घोषणा र राष्ट्रपति कासाभुबुले त्यस घोषणालाई एक अध्यादेशमार्फत स्वीकृति प्रदान गर्‍यो ।

११ अक्टोबरको दिन राष्ट्रपति कासाभुबुले एक संवैधानिक विधायिकीय विज्ञप्ति (Constitutional Legislative Decree) जारी गरी संसद्को दुवै सदन स्थगन गरी देशको शासन भारको विधायिकीय र कार्यपालिकाको सबै अधिकार त्यस समितिलाई प्रत्यायोजन गरे । त्यस सैनिक समितिले ९ फेब्रुअरी १९६१ सम्म देशको बन्दोबस्त गर्ने इलेओ (Ileo) को नेतृत्वको राष्ट्रपतिले गठन गरेको 'अस्थायी सरकार' (Provisional Government) लाई एक विज्ञप्तिद्वारा खारेज गर्यो ।

त्यसैबेला लुमुम्बाको एक छोरोको जेनेभा (Geneva) मा देहान्त भयो । उनको पार्थिव शरीरलाई समाधिस्थ गर्न लियोपोल्डभिली (Leopoldville) मा उनी जान चाहन्थे । संयुक्त राष्ट्र सङ्घको आयोगका प्रतिनिधि जेनेरल ऋषि (General Rikhye) सँग सम्पर्क राखी १० बजे राति लुमुम्बाले आफ्नो निवास छोडे । त्यहाँ कङ्गोली सेना र संयुक्त राष्ट्र सङ्घको मोरोक्यान पहरा (Moroecan Guard) थियो ।

२७-२८ नोभेम्बरको राति लुमुम्बा लियोपोल्डभिलीको एक रात्रि भोजमा थिए ।

नोभेम्बर ३० वा १ डिसेम्बर १९६० को दिन एमवेका (Moroecan Guard) नगरको २०-३० माइल टाढाको फ्रान्की विमानस्थल (Port Francqui) मा कङ्गोली सेनाबाट पक्रनुभयो ।

२ डिसेम्बर १९६० साँझ ५:१५ मा चर्को पहरमा लुमुम्बालाई संयुक्त राष्ट्र सङ्घको आयोगको सैनिक टुकडीको विमानस्थल निजिलि (Nijili) मा उतारियो ।

लियोपोल्डभिली गठेपछि प्रेसले लुमुम्बालाई हवाईजहाजमै अति यातना दिएको, गाला र टाउकोमा पिटाइको दाग देखिएको, कमिज च्यातिएको र मैलो, हात पछाडि लगेर बाँधिएको, हलमा राखिँदा पनि राइफलको कुन्दाले हानेको प्रसार भएको थियो ।

कङ्गोली सेनाले लुमुम्बालाई पक्राउ गरेको बिंजा क्याम्प (Camp Binza) बाट राति अन्तै लग्यो ।


३ डिसेम्बर १९६० को दिन लुमुम्बा थाइस्भिली (Thysville) लगिए र अन्तर्राष्ट्रिय प्रेसअनुसार टुकमा चढाउँदा उनले अप्ठेरो र कठिनाइ अनुभव गरेको र भर्खरै यातना दिएको चेहराबाट थाहा हुन्थ्यो । उनी क्याम्प हार्डी (Camp Hardy) सैनिक पहरामा राखिए ।

१७ जनवरी १९६० मा एक बेल्जियम कम्पनीको हवाईजहाज (Aeir Brousse) थाइस्भिलीको केही माइल टाढाको लुकाला (Lukala) विमानस्थलमा उनी लगिए । त्यसबेला उनको आँखामा पट्टी र हात पछाडि बाँधिएको थियो ।

**कटाङ्गामा**

सम्भवत: १७ जनवरीकै दिन लुमुम्बा र उनका दुई जना साथी माथिल्लो सदनका उपसभापति जोसेफ ओकितो (Joseph Okito) र युवा मन्त्री माउरिस एमपोलो (Maurice Mpolo) पनि सँगै पछाडि हात बाँधिएर राखिएका थिए ।

कङ्गोको सरकारले कटाङ्गाको प्रादेशिक सरकारको राष्ट्रपति शोम्बे (Tshombe) लाई लुमुम्बा र उनका दुई जना साथीहरू सुम्पेको प्रस्ट हुन्छ । १९ जनवरी १९६१ मा कटाङ्गाको सूचना मन्त्रील
एलिजाबेथभिली



(Elizabethville) हवाई अड्डामा भनेको थियो ।

९ फेब्रुअरीको १९६१ को दिन लुमुम्बालाई आत्मसमर्पण गराउन उनका दुई जना साथीको लास देखाइयो । उनले आफ्नो अडान र दृढतामा कुनै लचक देखाएनन् । त्यसै रात बन्दीगृहबाट तीनै जना भागेको कटाङ्गा रेडियोले समाचार दियो । त्यो झूटा समाचारले संयुक्त राष्ट्र सङ्घको आयोगको प्रतिनिधि लियोपोल्डभिलीबाट कटाङ्गाको एलिजावेथभिली पुगी प्रादेशिक राष्ट्रपति शोम्बे भेट्न खोज्दा भेट्न मानेन ।

९ फेब्रुअरी, १९६१ कै दिन राष्ट्रपति शोम्बे र कटाङ्गाको गृहमन्त्री मुनोन्गो (Munongo) र एक महत्त्वपूर्ण मन्त्री किब्वे (Kibwe) ले नै मागेको कथा प्रचार गरी लुमुम्बा र उनका दुई जना साथी ओमितो र एमपोलोको निर्मम हत्या गरेका हुन् । संयुक्त राष्ट्र सङ्घद्वारा बनाइएको एक आरोपले यही बताउँछ ।

फेब्रुअरी १९६१ मा ट्युनिशियाको एक साप्ताहिक अफ्रिकी सङ्घर्ष (Afrique Action) ले 'लुमुम्बाको अन्तिम चिट्ठी' वा 'लुमुम्बाको इच्छापत्र' छाप्यो । देशभक्तिपूर्ण र उत्साहवर्द्धक त्यस इच्छापत्रमा साम्राज्यवादविरोधी भावना प्रचार खचाखच भरिएको छ ।

**लुमुम्बाको व्यक्तित्व**

३४ वर्षका प्याट्रिस लुमुम्बा ३० जून, १९६० मा स्वतन्त्रता घोषणा हुनुभन्दा पछि र अघि कङ्गोली जनतामाथि ७५ वर्षपछि बेल्जिमेली उपनिवेशवादीहरूले चोपेको दु:ख, कष्ट, दरिद्रता र दासतालाई भित्री हृदयदेखि अनुभव गर्थे । यसकारण, उनले अफ्रिकी नेताहरूसँग मित्रता, अफ्रिकी एकता र स्वतन्त्रतालाई सदा आफ्नो मुख्य उद्देश्य सम्झन्थे ।

उनको किताबको बाकसमा सेकु तुरे (Sekou Ture) र एनक्रुमा (Nkrumah) का भाषण, पत्रपत्रिका र रचनाहरू थिए । साथै सिमोन किम्वान्गु (Simonh Kimbangu) का जीवनी पनि थिए । ती पुस्तकहरू गुप्तरूपले ल्याइएका थिए ।

लुमुम्बालाई बेल्जिमेली उपनिवेशवादीहरूले एक व्यापारीबाट राम्रो र ऐय्यासी बनाउन लगाएका थिए । उनले त्यस विशाल भवनमा बस्न अस्वीकार गरे । बरु, उनी साधारण घरमै आफ्ना जहान र तीन जना छोराछोरीसँगै बस्थे । भान्साको काम



उनकै श्रीमतीले गर्थिन् र नोकर्नी थिइन् । उनी दिनको १८ घण्टा काम गर्थे । प्रधानमन्त्री भएर पनि लुमुम्बाले आफ्नो तलब भत्ता लिएनन् र अनावश्यक कुनै सहुलियतहरू लिएनन् । तर, आफ्ना मन्त्रिपरिषद्का केही मन्त्रीहरू विलासी नाचगान भएका र महँगा होटल, रेष्टुराँहरूमा बरोबर जान्थे । पाउने सुविधाहरू तिनीहरू सबै उपभोग गर्थे र नजिकै बेल्जिमेली उपनिवेशवादीहरू तमासा हेरिरहन्थे ।

कङ्गोले स्वतन्त्रता प्राप्त गर्नासाथै बेल्जिमेली उपनिवेशवादीहरूले नै षड्यन्त्र गरेर शोम्बेमार्फत कटाङ्गा प्रान्त स्वतन्त्र भएको घोषणा गर्न लगायो अर्थात् देश टुक्राएर लुमुम्बालाई असफल पार्ने योजना बनाए । तर, त्यसलाई लुमुम्बा बनिबनाउ योजना र षड्यन्त्र मान्थे । तर, विदेशी पत्रकारहरूले सोध्दा विनम्रतापूर्वक उनी 'तिनीहरू एउटै रगतका दाजुभाइ हुन्', 'तिनीहरू फेरि कङ्गोमै मिल्नेछन् र स्वतन्त्र, सम्पन्न र विकसित हुँदै गएको देश देख्नेछौं जहाँ दासता हुनेछैन' भन्थे ।

तर, कटाङ्गाको विद्रोहबारे उनले 'झूटो समस्या' को रूपमा बेल्जिमेली उपनिवेशवादीहरूलाई नै दोष दिन्थे र संयुक्त राष्ट्र सङ्घको तत्कालीन महासचिव डाग हामर सोल्ड (Dag Hammarskjold) सँग ५ अगस्ट १९६०, १४ अगस्ट, १५ अगस्ट र पछि पनि पत्रको आदानप्रदान गरेका थिए । ती तारहरूमा उनले संयुक्त राष्ट्र सङ्घको काम र महासचिवप्रति गुनासाहरू पनि गरेका थिए र त्यसबारे पत्रकार सम्मेलन पनि गरेका थिए ।

४ जनवरी १९६१ थास्भिली (Thysville) कारागारबाट उनले संयुक्त राष्ट्र सङ्घका महासचिवका विशेष प्रतिनिधि ए. एम. दयाल (A.M. Dayal) लाई एक पत्रसमेत पठाएका थिए । त्यस पत्रमा त्यहाँको स्थितिबारे राम्रो उल्लेख गरिएको थियो ।

माथिका ती पत्र र तारहरूबाट प्याट्रिस लुमुम्बा कूटनैतिक कार्यमा पनि सूक्ष्म, सक्षम र धैर्यवान व्यक्ति थिए, तर आफ्नो उद्देश्यप्रति प्रस्ट र दृढ व्यक्ति थिए । उनी सच्चा देशभक्त, साम्राज्यवाद र उपनिवेशवादको विरोधको एक जिउँदो र जाग्दो उदाहरण थिए । उनी शत्रुको सामु नलत्रने र साहसी योद्धा थिए । ३५ वर्षमै उनी आफ्ना दुई जना साथी र जनप्रतिनिधिहरूसँगै सहिद भए ।

**सङ्घर्ष चालू छ**

प्याट्रिस लुमुम्बाले एक स्वतन्त्र र सार्वभौम देशको प्रधानमन्त्रीको रूपमा ४ महिना सङ्घर्ष गरे र ४ महिनापछि बेल्जिमेली उपनिवेशवादीहरू र स्थानीय प्रतिक्रियावादीहरूमार्फत विश्व साम्राज्यवादीहरूद्वारा उनको निर्मम हत्या गरियो । यस गम्भीर घटनाले अफ्रिकी जनतालाई एउटा महत्त्वपूर्ण पाठ पढायो । आ-आफ्नो देशको स्वतन्त्रता र मुक्तिको निम्ति नयाँ सेना, सङ्गठित र अनुशासित जनताका पार्टीहरू आवश्यक छ ।

प्याट्रिस लुमुम्बाको मन्त्रिपरिषद्का शिक्षामन्त्री पेरे मुलेले (Pierre Mulele) ले एक गुरिल्ला दल बनाएर सशस्त्र सङ्घर्ष सुरु गरे । उनी पनि अमेरिकी केन्द्रीय गुप्तचर विभाग (CIA) को निर्देशनमा पक्राउपछि विभत्स तरिकाले मारिए ।

सन् १९९६-१९९७ मा लाउरेन्ट डेसिरे कविला (Laurent-Desire Kabila) को नेतृत्वमा प्रतिरोध युद्ध सुरु गरे । एक वर्षपछि उनले भने, "हामी मालिकहरूको संरक्षणलाई अस्वीकार गर्छौं । हामीले आफ्नो निर्णय आफैं गर्छौं । ...... विकास गर्नु छ भने सार्वभौमिकता चाहिन्छ ।"


२ अगस्ट, १९९८ कविला राष्ट्रपति भए । छिमेकी देश रुवान्डा र उगान्डाले संरा अमेरिका, फ्रान्स र बेल्जियमको निम्ति पूर्वबाट युद्ध सुरु गरे । पूर्वी प्रान्तहरूमा महामारी र भोकले १५ लाख मानिस मरे तथा सुन, हीरा र निकलजस्ता दुर्लभ खनिज भएको त्यो देश साम्राज्यवादीहरू छोड्न चाहँदैनथे । त्यहाँ पुन: जातीय लडाइँ सुरु गरे ।

१६ जनवरी, २००१ दिनको १:४५ बजे उनका एक अङ्गरक्षकले कविलामाथि ३ पटक गोली हानेर हत्या गर्यो । कविलाको शवयात्रामा २० लाख कङ्गोलीहरू श्रद्धाञ्जली दिन उपस्थित थिए । सन् २००१ को फेब्रुअरीको पहिलो हप्तामा कविलाका छोरा जोसेफ (Joseph) लाई राष्ट्रपतिको शपथ गराइयो । कङ्गो (जायर) मा साम्राज्यवाद र उपनिवेशवादविरोधी सङ्घर्ष चालु छ ।

***प्रस्तुति : गणेश***

***समाप्त***

***स्रोत : मजदुर-किसान, २०६९ भदौ-असोज***





इरानको राजधानी तेहरानमा अमेरिकी-इजरायली आक्रमणमा वीरगति प्राप्त गरेका इरानका सर्वोच्च नेता आयतोल्लाह अलि खामेनीको औपचारिक अन्त्येष्टि समारोह जुलाई ३, २०२६ का दिन । समारोहमा विभिन्न देशका सरकार प्रमुख र प्रतिनिधिहरूको उपस्थिति रहेको छ । *तस्बिर : प्रेस टिभी*

# सुडानको एल–ओबिडमा संयुक्त राष्ट्र सङ्घद्वारा 'रेड अलर्ट' जारी

जेनेभा, १९ असार (एएफपी) । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले सुडानको एल-ओबिड सहरमा फैलिरहेको "विनाश" तथा प्रकोपका कारण शुक्रबार "रेड अलर्ट" जारी गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को बहसलाई सम्बोधन गर्दै टर्कले विश्वका नेताहरूलाई सहरमा हुने अत्याचार रोक्न सहयोग गर्न आग्रह गर्नुभएको छ । एल-ओबिदबाट आएका सङ्केतहरूको आधारमा स्पष्ट रूपमा सुडानमा अर्को मानव अधिकार विरुद्धको प्रकोप भइरहेको पुष्टि भएको उहाँले बताउनुभएको छ ।

सुडानी सशस्त्र बल र र्‍यापिड सपोर्ट फोर्सले सहर वरपरका क्षेत्रहरूमा नियन्त्रणको लागि लडाइँ गर्दा नागरिकहरू १८ महिनादेखि घेराबन्दीको अवस्थाको सिकार भएको जनाइएको छ ।

प्रभावित राष्ट्रहरूको समूहको तर्फबाट बेलायतको अनुरोधपछि संयुक्त राष्ट्र सङ्घको शीर्ष निकायले एल-ओबिड वरपरको मानव अधिकारको अवस्थाबारे एउटा दुर्लभ बहस गरिरहेको थियो ।

सन् २०२३ को अप्रिलमा सुडानमा सेना र अर्ध-सैनिक द्रुत समर्थन बल ( आरएसएफ) बिच सुरु भएको थियो ।

कोर्डोफान-तेल भण्डार र आरएसएफको सबैभन्दा शक्तिशाली अर्धसैनिक सहयोगीहरूको प्रमुख युद्धभूमि बनेको जनाइएको छ ।

उत्तर कोर्डोफान राज्यको राजधानी एल-ओबिद पश्चिमी दारफुर क्षेत्रका आरएसएफ-नियन्त्रित क्षेत्रहरूलाई पूर्वमा सेना-नियन्त्रित क्षेत्रहरूसँग जोड्ने मुख्य मार्गमा अवस्थित छ ।

गृहयुद्धबाट विस्थापित भएका लगभग एक लाख शरणार्थीहरूलाई आश्रय दिने लाखौ मानिसहरूको सहर, एल-ओबिडले पछिल्लो समयमा तीव्र आरएसएफ आक्रमणहरूको सामना गरेको जनाइएको छ ।

गत वर्षको फेब्रुअरीमा लामो घेराबन्दी तोडेपछि सेनाले आरएसएफलाई सहर र बाहिरको मुख्य राजमार्गलाई लक्षित गर्दै ड्रोन आक्रमण गरेर पुनः नाकाबन्दी गर्नबाट रोक्न सङ्घर्ष गरिरहेको छ । पछिल्लो समयमा आक्रमणहरूले मुख्य पावर स्टेसन र इन्धन डिपोहरूमा प्रहार गरेका छन् भने छिमेकीहरूलाई अन्धकारमा डुबाएका छन् र पानी पम्पहरू बन्द गरेका छन् ।

# निर्वासनपछि स्वदेश फर्केका अफगानहरू पहिचानको अभावमा बहिष्कारको जोखिममा

तोरखाम (अफगानिस्तान), १९ असार (एएफपी) । पाकिस्तानमा आप्रवासीहरूको निर्वासन नीतिमा कडाई गरेपछि घर फर्किन बाध्य अफगानहरू जीवन यापन गर्नका लागि अत्यावश्यक पहिचानको अभावमा बहिष्कारको जोखिममा रहेको जनाइएको छ ।

तोरखाम सीमा नाका बाट अफगान पसेका अफगानहरू आफ्नो सामानहरू बोकेर गृह प्रान्ततिर लाग्दै गर्दा आगामी दिनमा पहिचान कसरी र कहाँ प्राप्त गर्ने विषयमा चिन्ता व्यक्त गरेका छन् ।

सेप्टेम्बर २०२३ देखि पाकिस्तान र इरानबाट फर्केका ६१ लाख अफगानहरू मध्ये ८६ प्रतिशतभन्दा बढी आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) द्वारा कागजातविहीनको रूपमा सूचीबद्ध रहेको जनाइएको छ ।

सीमा अधिकारीहरूले कुनै पनि प्रकारको परिचयपत्र नभएका व्यक्तिहरूको पहिचान प्रमाणित गर्न सम्बन्धित अधिकारीहरूलाई सम्पर्क गर्दा, भर्खरै आएका अफगानहरूका लागि परिचय -पत्र प्राप्तिको प्रक्रिया फरक हुन सक्ने बताएको अधिकारीहरूले बताएका छन् ।

जागिर वा विद्यालयमा स्थान प्राप्त गर्नका लागि आवश्यकताका साथै, आफ्नो जग्गा वा घर छ भनेर प्रमाणित गर्न, राज्यका सुविधाहरू प्राप्त गर्न रदेशमा आवागमन गर्नका लागि, सबैभन्दा पहिले परिचय पत्र आवश्यक रहेको जनाइएको छ ।

आइओएमका क्षेत्रीय संयोजक जियाद सालिहले परिचय पत्रलाई अफगानहरूका लागि अत्यावश्यक विषय भएको वर्णन गर्दै परिचय पत्रको अभावमा उनीहरूलाई प्रशासनिक र सामाजिक बहिष्कारको जोखिममा पारेको बताउनुभएको छ ।

एक पटक अफगानहरू आफ्नो गन्तव्यमा पुगेपछि-प्रायः उनीहरूका आफन्तहरू वर्षौं पहिले भागेका ठाउँहरू-संस्थाहरूसँग उनीहरूको कागजी कार्यका साथ सहयोग गर्न हेल्पलाइन र परियोजनाहरू सक्रिय रहेको जनाइएको छ ।

गत जुनमा संयुक्त राष्ट्रसङ्घले अफगानहरूलाई आगामी तीन वर्षमा १५ लाख पहिचान जन्य कागजातहरू प्राप्त गर्न मद्दत गर्ने उद्देश्यले पहल सुरु गरेको थियो ।

अफगानिस्तानका लागि युएनएचसीआरका प्रतिनिधि अराफात जमालले कागजातको अभावलाई अदृश्य घटनाका रूपमा वर्णन गर्दै "कागजातको अभावमा जीवन यापन गर्न गम्भीर समस्या भएको बताउनुभएको छ ।

अफगानिस्तानमा विश्वव्यापी सहायता कटौतीले ठुलो असर पारेको जनाइएको छ भने निर्वासनका कारण अफगानिस्तान आएकाहरू रोजगारीको अभाव भोलिरहेका छन् ।

# लाओसबाट मान्यता खोज्दै म्यान्मारको नयाँ सरकार

याङ्गुन, १९ असार (एएफपी) । म्यान्माका पूर्व सैनिक शासक तथा हालका राष्ट्रपति मिन आङ ह्लाइङ नागरिक राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि पहिलोपटक आसियान सदस्य राष्ट्रको औपचारिक भ्रमणका लागि शुक्रबार लाओस पुग्नुभएको छ । विश्लेषकहरूले यस भ्रमणलाई अन्तर्राष्ट्रिय मान्यता र क्षेत्रीय सम्बन्ध सुधार्ने उहाँको प्रयासका रूपमा व्याख्या गरेका छन् ।

सन् २०२१ मा सैनिक 'कू' मार्फत आङ सान सुकी नेतृत्वको निर्वाचित सरकार हटाएर सत्ता आफ्नो नियन्त्रणमा लिनुभएका मिन आङ ह्लाइङले त्यसयता पाँच वर्ष प्रत्यक्ष सैनिक नेतृत्वमा शासन गर्नुभएको थियो । सुकीको दलमाथि प्रतिबन्ध, विपक्षीमाथि दमन र विद्रोही प्रभाव रहेका क्षेत्रमा निर्वाचन रोकिएपछि उहाँ यसै वर्ष अप्रिलमा नागरिक राष्ट्रपतिको भूमिकामा आउनुभएको हो ।

राष्ट्रपतिको सूचना टोलीले सार्वजनिक गरेको विवरणअनुसार उहाँ आफ्नी पत्नी क्यू क्यू हलासहित शुक्रबार बिहान लाओस पुग्नुभएको हो । स्थानीय सञ्चारमाध्यमका अनुसार उहाँको राजकीय भ्रमण तीन दिनसम्म चल्नेछ ।

यस क्रममा उहाँले लाओसका राष्ट्रपति थोङ्लोन सिसोलिथ र प्रधानमन्त्री सोनेक्से सिफान्डोनसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको छ । राष्ट्रपतिको कार्यालयले दुवै देशबिचको मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्यले खुला र सौहार्दपूर्ण छलफल हुने जनाएको छ ।

नागरिक राष्ट्रपतिको पद सम्हालेपछि मिन आङ ह्लाइङको यो तेस्रो विदेश भ्रमण हो । यसअघि उहाँले भारत र चीनको भ्रमण गरिसक्नुभएको थियो ।

सैनिक 'कू' पछि म्यान्मालाई धेरैजसो गतिविधिबाट अलग राख्दै आएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) भित्र नयाँ प्रशासनसँगको सम्बन्धबारे अझै साझा धारणा बन्न सकेको छैन । केही सदस्य राष्ट्रहरूले ८१ वर्षीया आङ सान सुकीलाई जेलबाट नजरबन्दमा सार्ने निर्णयजस्ता कदमलाई सकारात्मक सङ्केतका रूपमा हेरेर संवाद पुनः सुरु गर्न इच्छुक देखिएका छन् । तर अन्य सदस्य राष्ट्रहरूले सन् २०२१ को सैनिक हस्तक्षेपका प्रमुख व्यक्ति अझै पनि सत्ताको केन्द्रमा रहेको तथ्यलाई ध्यानमा राख्दै सतर्क दृष्टिकोण अपनाइरहेका विश्लेषकहरूको भनाइ छ ।

## विश्व सङ्क्षेप

### द्वन्द्वका कारण लाखौँ लेबनानी बालबालिकाहरूको एक शैक्षिक वर्ष नै हराउने जोखिम : युनिसेफ

बेरुत, १९ असार (सिन्हुआ) । युद्धले क्षतिग्रस्त भएका लगभग एक लाख लेबनानी बालबालिकाहरू अध्ययनरत रहेका लेबनानका विद्यालयहरू आगामी सेप्टेम्बरसम्म मर्मत नगरे उनीहरूको एउटा शैक्षिक वर्ष नै खेर जाने तथा हराउने जोखिम रहेको संयुक्त राष्ट्र सङ्घीय बाल कोष (युनिसेफ) जनाएको छ । युनिसेफ र लेबनानको शिक्षा मन्त्रालयले हालैको मध्यपूर्व द्वन्द्वबाट विभिन्न क्षेत्रलगायत लेबनानको शिक्षा क्षेत्रमा व्यापक क्षति भएको बताएपछि यो चेतावनीसहितको विज्ञप्ति जारी भएको हो ।

विद्यालय र व्यावसायिक केन्द्रहरूसहित ३४० वटा प्रभावित शैक्षिक संस्थाहरूको पहिचान गरिएको छ, जसमा १७ वटा पूर्ण क्षति भएका छन् र अन्य धेरैलाई सुरक्षित रूपमा पुनः सञ्चालन गर्नका लागि पूर्ण मर्मतसम्भार आवश्यक छ । बालबालिकाहरू लामो समय सम्म विद्यालय बाहिर रहदा बालश्रम र चाँडै विवाहजस्ता जोखिमहरू बढ्न सक्ने चेतावनी युनिसेफले दिएको छ ।

युनिसेफले थप कोषका लागि सार्वजनिक आह्वान गर्दै क्षतिग्रस्त विद्यालयहरूको यथाशिघ्र पुनःस्थापना गरी सिकाइलाई निरन्तरता दिन स्थानीय अधिकारीहरूसँग मिलेर काम गरिरहेको बताएको छ ।

### जापान र भारतबिच मुख्य खनिज पदार्थको सहकार्यलाई सबल पारिने विषयबारे चीनको परराष्ट्र मन्त्रालयको प्रतिक्रिया

पेइचिङ, १९ असार (सीआरआई) । हाल भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जापान र भारतबिच मुख्य खनिज पदार्थका सन्दर्भमा आपसी सहकार्यलाई सबल पार्ने छ । जुलाई ३ तारिख आयोजित नियमित पत्रकार सम्मेलनमा चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता को च्या खुनले यस विषयबारे पत्रकारद्वारा सोधिएको प्रश्नको जवाफ दिनुभएको छ ।

प्रवक्ता कोका अनुसार, मुलुकहरूबिच सहकार्यका लागि क्षेत्रीय मुलुकहरू बिचको समझदारी र विश्वासलाई प्रबर्द्धन गर्न हितकर हुनुपर्छ । साथै त्यसबाट क्षेत्रीय शान्ति र स्थिरताको संरक्षणका लागि पनि सघाउ पुग्नुपर्छ । बरू तेस्रो पक्ष लक्षित नहुने अथवा तेस्रो पक्षको हितमा हानि पुर्‍याउनुहुँदैन ।

विश्वव्यापी उत्पादन र आपूर्ति लाइनको स्थिरता र सुरक्षाको संरक्षण गर्नु नै विभिन्न मुलुकहरूको साझा कर्तव्य भएकाले विविध पक्षहरूले खुलस्त र सहयोगात्मक धारणा लिँदै रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने प्रवक्ता कोले औँल्याउनुभएको छ ।

### अमेरिकाको तथाकथित प्रतिवेदन वास्तवमा निर्लज्जता : चीन

पेइचिङ, १९ असार (सीआरआई) । जुलाई ३ तारिख चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता को च्या खुनले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्दै अमेरिकी राष्ट्रिय समुद्री तथा हवाई अनुगमन व्युरोले जारी गरेको "अन्तर्राष्ट्रिय मत्स्य व्यवसायको व्यवस्थापन र सुधार प्रतिवेदन सन् २०२६" बारे पत्रकारद्वारा सोधिएको प्रश्नको जवाफ दिनुभएको छ ।

प्रवक्ता कोका अनुसार, अमेरिकाले आफ्नो आन्तरिक कानुनबमोजिम निकालेको तथाकथित निष्कर्ष भौतिक सत्यसँग मेल नखाएको मात्र नभई अन्तर्राष्ट्रिय कानूनको प्रमाणसँग पटक्कै मिल्दैन । अमेरिकाको उद्देश्य चीनको सुदूर सागरीय मत्स्य व्यवसायको विकासमा दबाब थप्नु वास्तविक रूपमा निर्लज्ज राजनीतिक गतिविधि नै हो । चीनले त्यसप्रति कडा असन्तुष्टि प्रकट गर्नुका साथै दृढताका साथ त्यसको विरोध गरेको पनि प्रवक्ता कोले बताउनुभयो ।

### पश्चिमी पाकिस्तानमा बस दुर्घटना हुँदा ४० जनाको मृत्यु

पेसावर (पाकिस्तान), १९ असार (एएफपी) । पश्चिमी पाकिस्तानमा शुक्रबार एउटा यात्रुबहाक बस सडकबाट झरेर २० मिटर भन्दा तल खोलामा खसेर दुर्घटना हुँदा, कम्तिमा ४० जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

"क्वेटाबाट पेशावर जाँदै गरेको यात्रु वहाक बस पहाडी दाना सार क्षेत्रको गहिरो खोलामा खस्दा ४० जनाको मृत्यु भएको र अन्य ११ जना घाइते भएको पुष्टि भएको झोब जिल्लाको आपत्कालीन केन्द्रका प्रमुख सनाउल्लाह सेरानीले बताउनुभएको छ ।

दुर्घटनामा घाइते भएका यात्रुहरूलाई अस्पताल लगिएको बताउँदै तीमध्ये तीन जनाको अवस्था गम्भीर रहेको सेरानीले बताउनुभएको छ । बस करिब २१ देखि २४ मिटर खोलामा तल खसेर दर्घटना भएको सेरानीले बताएका छन् ।

दुर्गम पहाडी क्षेत्रमा दुर्घटना भएको कारण, उद्धारमा कठिनाइहरूको सामना गर्नुपरेको उहाँले बताउनुभएको छ ।

बलुचिस्तानको दक्षिणपश्चिमी प्रान्तका मुख्यमन्त्रीका प्रवक्ता शाहिद रिन्दले बस प्रान्तीय राजधानी क्वेटाबाट उत्तर-पश्चिमी खैबर पख्तुनख्वा प्रान्तको पेशावर सहरतर्फ गइरहेको अवस्थामा दुर्घटनामा परेको पुष्टि गर्नुभएको छ ।

# वर्गीय लडाइँको साहित्यिक पाटो अर्थात् ‘भञ्ज्याङनिरै’

✍ रूपकेशरी उलक

एउटा विशेष सन्दर्भ र विशेष समयमा प्रगतिवादी समालोचक तथा कवि कृष्णचन्द्र सिंह प्रधानद्वारा २००८ सालमा प्रकाशित कवितासङ्ग्रह ‘भञ्ज्याङनेरै’ को प्रतिलिपि पुस्तक पढ्ने अवसर पाएँ। अध्ययनको सीमा तथा पुस्तक छनोटका सन्दर्भमा पाइएको ज्ञानका आधारमा पुस्तक प्राप्तिको क्षणलाई मैले विशेष माने र हृदयस्थ आभार प्रकट गरेँ।

गतिशील समयभित्रका अनेकौँ आरोह र अवरोहबिच मानव जीवन चलायमान छ। यसमा भूगोल, वर्ण र धर्मको बाधा छैन। मान्छे बाँचेका छन् चाहे मरेतुल्य जीवन होस् या आलिसान जीवन भोगेर होस्। द्वन्द्व यसैमा छ, आरोह अवरोहको इतिहास यसैले कोरेको छ। शक्तिको राज संसारभर चलेकै छ। सीमित सङ्ख्याको आरोहका पछाडि असीमित आकारमा कुण्ठित जीवन भोग्नेको सङ्ख्या उँचो छ। त्यसैले त वैचारिक द्वन्द्व र भिन्न विचारका बिच लेखिने भावाव्यक्तिले विभाजनको रेखा कोर्छ।

संरचनागत हिसाबले ‘भञ्ज्याङनेरै’ कवितासङ्ग्रह हो तर यो पुस्तक कवितासङ्ग्रहभन्दा बढ्ता काव्य शैलीका विषयमा लेखिएको विद्रोही अभिव्यक्ति पनि हो। नेपाली साहित्यमा गद्य कविताको स्थापित मान्यताका निम्ति बनेको दरिलो आलेख पनि हो।

छन्दको बन्धनमा बाँधिएर लेखिएको काव्यलाई मात्र काव्यको दर्जा दिइने परिवेशमा विद्रोही चेत बोकेर अघि बढ्ने क्रान्तिकारी गद्य कविका रूपमा कवि प्रधान देखिएका छन्। सामन्तवादी चिन्तनका विपरीत प्रगतिवादी चिन्तन, विश्व साहित्यमा प्रचलित दार्शनिक तथा लेखकहरूका वैचारिक पक्षमाथिको खण्डन र लेखन शैलीका हिसाबले गद्य काव्यको शक्तिलाई केलाउने काम यसमा गरिएको छ। साहित्य के हो ?, साहित्य सिर्जना किन गरिन्छ ?, साहित्यको सार्थकता केमा छ र शैली पक्षका दृष्टिले छायावादी तथा सौन्दर्यवादी साहित्यभन्दा प्रगतिवादी साहित्यको महत्ता पुस्तकको भूमिकामा उद्धृत छ। यसर्थ, यो भौतिकवादी जीवन दर्शनलाई अघि सारेर लेखिएको दृष्टान्तसहितको कृति हो। यस पुस्तकमा लेखक आफैँ प्रकाशक हुन्। पुस्तकको भूमिका कवि आफैँले कोरेका छन् जुन प्रगतिवादी नेपाली साहित्यिक आन्दोलनका निम्ति तार्किक दस्तावेज गनिएको छ। कृष्णचन्द्र सिंह प्रधान प्रगतिवादी नेपाली साहित्यका एक अगुवा हुन् जसले वर्गीय चेतनालाई अघि सारेर कथित सामन्त तथा शोषकवर्गबाट कुञ्जाइएका गरिब, निमुखावर्गका निम्ति वकालत गर्दै सिद्धान्त र विचारको शब्दवाणद्वारा चेतनाको लडाइँ लडे। गद्य कविताको सन्दर्भमा उनले भूमिकामा लेखेका छन्, “आधुनिक विकास क्षेत्रमा गद्य काव्य एउटा साहित्यिक प्रगति हो।..........यो पुरानाका लागि विद्रोही, परम्परावादीहरूको निम्ति ध्वंसक र हाउगुजी भइरहेछ। छन्दप्रेमीले कुच्याउन खोज्छ, पद्यभक्तले गमर्क्याउन र भक्तपन्थीले नटेर्न। फेरि पनि यो सबैको कौतुक भई आँखा अगाडि परिरहेछ। यो बढिरहेछ, यसरी नै फैलिरहेछ। यसको प्रति आलोचकहरूको रुष्टता र कोप-दृष्टि मानो त्यसको जयको आशीष हो।” (पृ.२)

साहित्य र समाज व्यवस्थाका सन्दर्भमा उनी लेख्छन्, “सामन्ती र पुँजीवादी समाज व्यवस्थामा यसैलाई सुहाउँदो साहित्य क्षेत्रमा छायावाद त्यसको अभिव्यक्ति बन्यो। जसै पुँजीवादी समाजमा असङ्गति र वर्गसङ्घर्षले तीव्र रूप धारण गऱ्यो र समाजवादको स्थापना भयो। साहित्य -जगतमा पनि यही अनुकूलको प्रगतिवादले ठाउँ लियो। राजनीतिमा समाजवाद र साहित्यमा प्रगतिवाद एउटै अर्थ र उद्देश्य प्राप्तिका दुई भिन्न वस्तु हुन्।.......... साहित्य स्वतन्त्र वस्तु नभई जीवन र समाज अनुगामी भएकोले यसको मूल्याङ्कन वा व्याख्या स्वतन्त्र र निरपेक्ष रूपले हुन सक्तैन।............ साहित्यको स्वतन्त्र सत्ता छैन। यो यस कारणले हो, किनभने मन वा विचार-तत्त्व मूल-वस्तु होइन। यो एउटा मस्तिष्कको क्रियात्मक उपज हो, पदार्थ-सत्यको उपज। वस्तु मूल हो। यसैबाट संवेदना, कल्पना र मनको उद्‌गम हुन्छ। अनि मन (चित्त) गौण हो, यसैबाट उत्पन्न। किनभने वस्तु-सत्ताकै गति रूप प्रतिबिम्ब हो यो। वस्तुको विकसित रूप मस्तिष्क हो जसबाट विचार-क्रिया सम्पन्न र सञ्चालित हुन्छ।.............जुन समाजको ऊ प्राणी हो, जस्तो परिस्थितिमा ऊ बस्दछ, जहाँको समाज र परिस्थितिले उसलाई प्रभावित पारेको हुन्छ वा जेसँग सम्बन्ध छ त्यसको प्रभाव देखिने रूपले होस् वा नदेखिने रूपले; चाहेर होस् बा नचाहेर अभिव्यक्ति (साहित्य) मा परिहाल्छ। साहित्यकार प्रभावित भइहाल्छ। तर, यसको मतलब यो होइन कि मानिसको चेतनाद्वारा सत्ता (जीवन) निरुपित नहुने हुनाले सामाजिक विचार, सिद्धान्त, मत, संस्थाको प्रभाव भौतिक परिस्थितिमा पर्दैन। सामाजिक सत्ता र जीवन विकासमा यसको हात छैन। वास्तवमा दुवैको यो अन्योन्याश्रय अनुबन्ध नै परिवर्तनशील र प्रभावकारी हुन्छ।” (पृ.३-५)

साहित्यलाई आदर्शवादी र भौतिकवादी खेमामा राखेर उनी लेख्छन्; प्रगतिवाद भौतिक जीवनको यथार्थ दर्शन हो। अत: परिस्थितिविहीन समाज र जीवनको लागि कला र साहित्य प्रगतिवादी होइन। यो उसको सिद्धान्तमा प्रतिगामी ठहरिन्छ। प्रगतिवादको मतमा समाज सम्पूर्ण वस्तुको केन्द्र भइकन साहित्य परिधि मात्र बन्दछ जसको विस्तार र वृद्धि केन्द्रस्थको इसारामा चलिरहन्छ............



कवि कृष्णचन्द्र सिंह प्रधान

छायावादी दर्शनमा जीवन निराशाको तहमा दोब्रिरहेको पाइन्छ। उसको समाज प्रगतिगामी नभई स्थिरतावादको विचलित रेखामा मस्किरहेको हुन्छ। निरपेक्षप्रतिको त्यसको आसक्ति, आत्मीयता र सङ्गति यथार्थप्रति जडताको व्यवहार सिद्ध भो जसको उदासिनतामा समाज र जीवनको गति भाङ्गिएर उक्लन सकेन।.......... कुनै पनि ‘वाद’ वा विचार तहिलेसम्म नै बाँचिरहन सक्छ जहिलेसम्म त्यसमा समाजका अग्रगमनशील विचारहरूको ग्रहण-शक्ति वा स्वीकृति हुन्छ।” (पृ.९)

विश्व साहित्य जगत्‌मा छुट्टै पहिचान कायम गर्दै आएका कवि टी.एस इलियट तथा मनोविज्ञ सिड्मन्ड फ्रायड आदिका भनाइहरूलाई खण्डन गर्दै उनले लेखेका छन्; टी. एस. इलियट, एजरा पाउन्ड, बोदलेयर, सार्त्रका रचनामा प्रतिबिम्बित सामाजिकता वा जीवन साहित्यकारहरूको जीवनको अर्थ होइन जसले इङगल्यान्ड, फ्रान्सका पतनोन्मुख क्याथोलिक पुँजीवादीहरूको जीवनादर्श मृत्यु, निराशा, पलायन तथा उनीहरूकै इच्छा आकाङ्क्षालाई व्यक्त गरे।

**इलियटको मतमा कविता के हो ?**

कविता अनुभूतिहरूको मुक्त अभिव्यक्ति होइन, त्यो त अनुभूतिहरूबाट एक प्रकारको पलायन हो। कविता कविको व्यक्तित्वको अभिव्यक्ति होइन, त्यो त व्यक्तित्वबाट पलायन हो।

फ्रायडको - “साहित्य अवचेतन मनको रंगस्थली हो अथवा सबै कला यथार्थबाट बच्ने कवच हो” भन्ने पलायनवृत्ति मतकै यिनीहरू अनुयायी हुन्। यस्ता भगुवा साहित्य र साहित्यकारहरूबाट आजको समाज कहिल्यै हुर्कन्न, फक्रन्न; स्वस्थ, सुन्दर र समान बन्न सक्तैन।............जुन साहित्य र साहित्यकार जति समाजका अग्रविचार र अग्रवर्गसँग साइनो जोडी स्वयं नै त्यसको एउटा अभिन्न अङ्ग र परिवार बन्दछ त्यो नै जिउँदो, सशक्त र स्थायी हुन्छ, अमर र टकशाली हुन्छ। अग्रविचार वा अग्रवर्ग खास गरी समाजका निम्नवर्ग, दलितवर्ग अर्थात् खेताला परिश्रमजीवी र मजदुरहरूमध्येका नै हुन्छन्। अत: यसको सपक्षी विचार, साहित्य, अर्थ, व्यवहार व्यवस्था एवं सिद्धान्त नै समाजको जिउँदो र सच्चा अगुवा कहलिन्छ, अग्रविचार र अग्रवर्ग कहलिन्छ। (पृ.१२-१३)

वैचारिक दृष्टिले साहित्यकारहरूलाई तीन वर्गमा उभ्याएर उनी लेख्छन्, “साहित्यकारहरूको अगाडि पनि दुई बाटो स्पष्टतया बन्न आयो। एउटा यही प्रगतिशीलवर्ग वा अग्रगामी विचार पक्ष र अर्को यसको विरुद्ध शोषक वा शासकको अनुकूल प्रतिगामी वा प्रतिक्रियावादी पक्ष। तेस्रो पनि बाटो छ - त्यो हो तटस्थता।..................

जहाँ यो वर्गसङ्घर्षमा भावी परिवर्तनको सुनिश्चित परिणाम जाहे रछ - तटस्थ रहन सकिन्न। यस स्थितिमा यदि कोही व्यक्ति, साहित्यकार तटस्थताको डिङ हाँक्छ भने यो त्यसको कमजोरी हो, त्यसको सामन्तवादी पुँजीवादी अथवा प्रतिक्रियावादी कुलीन नकाब-घुम्टो हो, ढोङ हो।” (पृ.१५)

गद्य कविताका आलोचकहरूलाई प्रत्युत्तरका रूपमा उनी लेख्छन्, “छन्द पहिले बन्धन हो, अनि नियम। त्यसैले म छन्दलाई एउटा दृढ पद्धति मात्र भन्दछु। कविता कुनै पद्धति होइन। यो एउटा विचार हो। समाज सापेक्ष परिस्थिति सङ्गत, समय अनुरूप बदलिरहने विचार।................कुनै पनि पद्धति वा नियमको सामाजिक राप यस्तै हुन्छ। अत: छन्द वा छन्द-शासित पद्य एउटा पद्धति हो, यसको अस्तित्व र आवश्यकता, महत्त्व र स्थिरता यही अनुरूप माने राख्दछ। त्यसैले यसको (छन्दको) उपयोगिता र विशालता पुँजीवादको आगमनमै, छायावाद कालमै समाप्त भई यो एउटा अस्वाभाविक र प्रतिक्रियावादी शक्ति भइकन मृतप्राय: भइसक्यो।................मेरो रायमा गद्य कविता सर्वथा गद्य भाषा र गद्य कथन होइन अर्थात् केवल कविभाषाको गद्य अभिव्यक्ति व्यापार गद्य कविता होइन। गण, मात्रा र वर्ण-नियमहरूबाट सर्वथा विमुक्त र अतुकान्त भइकन पनि त्यो प्रवाहयुक्त र वाचन-कालको ध्वनि-सौन्दर्य आकारिएको शब्द विन्यासको वैज्ञानिक तालयुक्त तारतम्य हुनुपर्छ।” (पृ.२५-३२)

अब लागौँ ‘भञ्ज्याङनिरै’ भित्रका कविताहरूतर्फ। यसका जम्मै कविता गद्य शैलीका छन्। जम्मा ४३ वटा कविता समयक्रम र शैली पक्षका दृष्टिले ‘हिजो’ र ‘आज’ गरी दुई खण्डमा वर्गीकरण गरिएका छन्। प्रजातान्त्रिक आन्दोलनपूर्व अर्थात् राणाकालीन शासन व्यवस्थाताका लेखिएका कविताहरू हिजोको खण्डमा रहेका छन् भने २००७ सालमा लेखिएका कविताहरू ‘आज’ को खण्डमा समेटिएका छन्। वर्गीय चेतनाले सिँचिएका सम्पूर्ण कवितामा सामन्ती चिन्तनप्रति कटाक्ष तथा विद्रोही र शासितवर्गमाथि सङ्घर्षका निम्ति आह्वान र अदम्य भाव अभिव्यक्त भएका छन्। शैली तथा अभिव्यञ्जनाका दृष्टिले ‘हिजो’ का खण्डमा लेखिएका कविताहरूमा रूपगत भेद पाइन्छन्, जसलाई सर्जक आफैँले छायावादी साहित्यको नजिक रहेको स्वीकारेका छन्। यस सन्दर्भमा उनी लेख्छन्, “‘भञ्ज्याङनिरै’ मा २००३ का एकाध कवितादेखि लिएर २००७ सम्मका सङ्कलित छन्। यी सङ्कलित गद्यकविताका दुई खण्ड दुई धाराका अनुभव होलान्। भाव र अभिव्यक्ति-विषमताको साथै शैली र रूप भेदको असाम्यता पनि पाइएला। ‘भञ्ज्याङनिरै’ को खण्ड ‘हिजो’ का रचनाहरू खास गरी छायावादको अति वर आउँदछ। यसले यसो हुनु परेको कारण मुख्य राणाशाही व्यवस्था र सामन्ती परिस्थिति हो जसबाट लेखकहरूको, जनताको नागरिक अधिकार पनि खोसिएको थियो। यद्यपि, ‘हिजो’ का कविताहरूको मूल भाव मानवतावादको आदर्श र आर्द्र भूमिमा ओर्लेरै स्थितिको चित्रण र अनिच्छात्मक विचार, आकाङ्क्षाको प्रकाशन गर्न पुगेको छ तर व्यक्तिवादी ऐकान्तिकतामा जसमा लाचारी पनि लुक्न पुगेको छ।- निराशा र पलायन त होइन।...........यसको विपरीत ‘आज’ को खण्ड आर्थिक, राजनैतिक परिस्थितिको प्रक्रिया भई वा यथार्थ जीवन क्रियाकलापको अभिव्यक्ति बन्यो। यथार्थता त्यसको जीवन र प्राण भई वर्तमान सङ्कट, समस्या, युद्ध जनआकाङ्क्षा र जागृति त्यसको विषयवस्तु र क्षेत्र हुन आयो।” (पृ.३३,३४,३५)

यसर्थ, कवि प्रधानले पाठक वर्गलाई छायावादी साहित्य र प्रगतिवादी शैलीको भेद दर्शाइ पाठकीय चिन्तनलाई फैलाउन खोजेका छन् भन्दा अत्तियुक्ति नहोला। कविभित्र आशा र अग्रगमनप्रतिको निश्चिन्तता छ। जहाँ लोभलालच र दमनभन्दा सत्यप्रतिको वकालतसँगै दमन र शोषणमाथिको आक्रोश छ। नेपाली राजनैतिक परिवेशमा २००७ साल पूर्व राणाशासनको जगजगा थियो। जनता राणा शासनको क्रुरतामा बाँच्न बाध्य थिए भने कवि प्रजातन्त्रको प्राप्ति मात्रलाई पनि पूर्णता मान्न तयार छैनन् कारण उनीभित्रको चेतनाले चिताएको वर्गविहीन समाज त्यसमा अटाउन सक्दैनथ्यो। यसै सन्दर्भमा उनले लेखेका छन् :

*रजनीको कालो- नीरवतामय घुम्टो च्यातेर*
*कुखुरा बास्यो,*
*मानिस भन्दछन् - उज्यालो भो ! उज्यालो भो !*
*तर, मेरो कोठा, घर भने अझै अँध्यारो छ ,*
*ए कुखुरा ! अब तैँले नै छुट्याइ दे-*
*लौ, म के भनूँ-*
*उज्यालो कि अँध्यारो ?* (पृ.१)

‘हिजो’ खण्डमा संरचित प्राय: कविताहरू अन्धकार वा रातको बिम्बमा बिम्बित छन्। कवि आफू भित्रभित्रै गुम्सिएको, अन्योलको छटपटिले पिरोलिएको आभाष हुन्छ। त्यसैले, उनी आफू आफैसित प्रश्नोत्तर गरिरहेका छन् र अनिश्चितताको भाव व्यक्त गरिरहेका छन्। कहिले आफ्नै जन्मप्रति र आफ्नी आमामाथि गुनासो गर्दै लेखेका छन् :

*अँध्यारो नास्नलाई मात्र बालिने बत्तीझैँ*
*आमा !*
*मलाई यस भूतलमा ल्याउनको लागि*
*तिमी आएको ?-*
*यति चाँडै फर्कनुपर्ने आमाले*
*मलाई यहाँ ल्याएको-*
*म कहिल्यै-कहिल्यै बिर्सन्नँ !* (पृ.२०)

कहिले आफैँमाथि धिक्कार्दै व्यङ्ग्यभावमा आक्रोश पोख्दै लेख्छन् :

*आमा, तिमी फर्क !*
*तिमीले कसलाई लिन गएको हो -*
*त्यसलाई लिई आऊ !*
*बरु मजस्ता लाछीलाई यहाँ कहिल्यै नल्याए !*
*खोलाजस्तो रून्चेलाई बिर्सिकन पनि नजन्माए !* ( पृ.२२)

‘हिजो’ खण्डका कविताहरू पढ्दै गर्दा पाठक मन धेरैपटक अल्मलिएको छ। काव्यभित्रको ऐतिहासिक पृष्ठभूमिको अज्ञानताले हो या कविको वैयक्तिक जीवनको पहिचानमा कमीले गर्दा हो धेरैपटक दोहोरिएको ‘आमा’ बिम्बमाथि सही मियो लगाउन कसरत गर्नै पऱ्यो।

‘एउटा देवलको फलैंचामा’ कविताले भने चिन्तनमुक्त दृश्यात्मक कविभाव सहजै दिएझैँ लाग्छ। भुइँमान्छेका पीडा, बाध्यतालाई सरल ढङ्गमा देखाउन कवि सफल भएका छन् :

*म आफै सोच्न थालेँ -*
*यिनीहरू किन बसिरहेका होलान् ?*
*चराचुरुङ्गीहरू गुँडमा बास बस्न गइसके।*
*मानिसहरू घर-घरमा फर्किसके।*
*ताराहरूले शून्यको बिगुल बजाउन थाले।*
*तर, तिनीहरू त्यहीँ छन् -*
*................................*
*तिनीहरू छिनभर टोल्हाए, फेरि एकमुख भई भने -*
*“भोलि नून थाप्नलाई !”* (पृ.३०)

निस्सार जीवनको संज्ञा दिँदै २००४ सालको तत्कालीन जीवनमाथि सुन्दर शब्दमा तीखो छेद हानिएको ‘तिमीजस्ती कोही’ कविताले पनि छुट्टै भावावेग पोखेझैँ लाग्छ :

*तिमीजस्ती कोही सुन्दरीलाई पाइकन*
*मानिस आफूलाई धन्य र सम्पन्न सम्झन्छन्,*
*तर, प्रिय ! तिमीलाई पाइकन आज म झन्*
*आफूलाई झुत्रिरहेको, लत्रिरहेको*
*गरीब देखिरहेछु*
*जसले कसैलाई केही दिन नसकेर*
*रोइरहेको बा*
*कसैसँग केही चीज पाउने आशाले*
*हात पसारी प्रार्थना गरिरहेको हुन्छ।* (पृ.४४)

जीवन हार र जीतको खेल हो भन्ने कुरा स्वीकार्दै हारेर पनि फेरि उठ्न हौस्याउँदै लेखिएको आशावादी कवितामा उनी लेख्छन् :

*जीवन सफलताको सोगात मात्रै सम्झेको,*
*सृष्टिको सौन्दर्य र विकासको मन्त्र मात्रै थानेको*
*होइन रहेछ ! -*
*जीवन हारको पनि माला रहेछ;*
*हारमाथि अझ हार हुँदै जाँदाखेरिको*
*प्राप्ति स्वीकार रहेछ,*
*..................*
*.................*
*प्रिय, हाम्रो भेट हुन्छ !*
*अनिश्चित मृत्युको सत्यताझैँ,*
*रात पछि आउने दिनको नित्यताझैँ*
*भेट हाम्रो हुन्छ*
*तिमी ढुक्क पर !* (पृ.४४-४६)

खण्ड ‘हिजो’ का कविताहरूमा निराशा, अनिश्चितता, बेचेनी र मानव मूल्यको आर्तनाद छ जुन कवि आफैँले स्वीकारेका छन् तर ‘आज’ खण्डभित्रका कविताहरूमा आक्रोश र उन्मुक्तिको चाहना छ। निस्सारताबाट सार खोज्ने हुटहुटी छ। यसभित्रका कविताहरूमा स्पष्टता र वर्गीय चेतना छ र उन्मुक्तिको निम्ति आह्वान छ। यसर्थ, ‘आज’ भित्रका कविताहरू क्रान्तिचेतले भरिएका छन् :


*समाज, परिपाटीको वायुमण्डल*
*बदल-बदल हे युग-पुरुष,*
*समाज सेवक,मानव-महेष !*
*नव आचार-विचार,*
*विधि-विधान,*
*चेतना,संस्कृतिमा गुञ्जित, स्थित*
*उन्मुक्त परिस्थिति*
*वर्गहीन समाज।* (पृ.८२)

यसैगरी ‘अनौठो देश दुनियाँ’ शीर्षकमा उनी लेख्छन् :

*सिन्को नउठाई कसैले पाउनु दूध-भात रोटी*
*ढिडो नजुर्नु धेरैलाई मरी-मरी जोतिँदा पनि*
*एक शोषक, हजार शोषित*
*हजार नोकर, एक मालिक*
*एक मृत्यु कालगतिले*
*भोक, चिन्ता आत्महत्या उपचारबिना रोगले*
*मरिरहेछन् बाँकी अरू सबका सब अकालले !*
*जिउँदै अव्यवस्थाले,*
*अन्न-वस्त्र, दाल-भात कर्मकाण्ड समस्याले* (पृ.८४)

साम्राज्यवादी शक्तिका कारण विश्वका निहत्था जनताले भोग्नुपरेको पीडालाई केन्द्रमा राखी टाढा अति टाढा शीर्षकमा कवि लेख्छन् :

*टाढा, अति टाढा-*
*सुदूर पूर्व त्यो कोरिया !*
*पराधीन कोरिया !*
*जसले स्वाधीनता सङ्ग्रामको लगायो नारा*
*अति बुलन्द !*
*अति प्रचण्ड !*




*तर, आज बनाइदियो त्यसलाई*
*युद्धकामी पुँजीवादी फासिस्टहरूले*
*भयङ्कर जन संहारी रूप !!*
*................................*
*यस्तै छ गति*
*मलाया, हिन्दचीन*
*फिलिपाइन, मोरक्को भियतनाम*
*....................................*
*यो सल्क्यो*
*पसारो बनिसक्यो*
*नागबेलिँदै, किलिङ्गिँदै लहरिँदै*
*घर, छाप्रो पाटी-पौवा*
*देश-विदेश*
*साहित्य-मन्दिर*
*नगर-नगर हुनहुन्ती*
*युद्धकामीहरूको निम्ति*
*भइरहेछ यही आज हाउगुजी।*
*.........................*
*हजारौँ हिटलरका सपुत,*
*पचासौँ च्याङ दाइ;*
*रचून् भयङ्कर विषालु*
*विध्वंसक वम*
*त्यसको जयमै घोषित भइसक्यो*
*शतशत पराजयको तुमुल वज्र !* (पृ.८५-८९)

तसर्थ, २००८ सालमा प्रकाशित साहित्यिक आलेख, जसले युगलाई कोरेको छ। साहित्यिक वाङ्मयमा चेतना र शिल्पको दरिलो किल्लो गाड्न सफल यस पुस्तकले प्रगतिवादी नेपाली साहित्यको क्षेत्रमा विशेष महत्त्व राख्दछ। पुस्तकभित्र काव्यशिल्पका साथै सिद्धान्तर वैचारिक बहसको उत्थान भएको छ। कवि चिनेर कविता पढ्ने हो या कविता पढेर कवि चिन्ने हो भन्ने विषयमा अल्मलिने पाठकका निम्ति पनि यो पुस्तक उपयोगी साध्य बन्न सक्छ।

साहित्य समाजको लागि हो। साहित्यले समाजलाई चिनाउने मात्र नभएर सही गतिमा दोहोऱ्याउन मद्दत गर्दछ भन्ने भाव कृतिको भूमिका खण्डमा कविले स्पष्ट पारेका छन्।

तसर्थ, चिन्तनयुक्त अध्ययन र प्रगतिवादी समाजको निर्माणको हेतु बोकेर हिँडेका सर्जक तथा पाठकका निम्ति यो सही गोरेटो साबित हुन्छ।

कविताहरूलाई खण्ड खण्डमा विभाजन गर्नु र शीर्षक भञ्ज्याङनिरै राख्नुमा विशिष्ट अर्थ लुकेको छ। भञ्ज्याङ जसले पहाडका दुई चुलीका माझको होचो ठाउँलाई जनाउँछ। यहाँ ‘हिजो’ ले विगतलाई सङ्केत गरेको छ भने आगत अर्थात् वर्तमान र भविष्यलाई ‘आज’ खण्डले जनाएको छ जसले अझ बढी उचाइ र चुचुराको आरोहणको सङ्केत गर्दछ। यसर्थ, भविष्यको सुन्दरतम चाहना र अदम्य भाव बोकेर कवि भञ्ज्याङनिर उभिएका छन् र कविताका शब्दहरूमा सुनौलो भविष्यको उदयका निम्ति रजनीको अन्धकार चिरिने सङ्केत गरेका छन्। कवि तथा समालोचक कृष्णचन्द्र सिंह प्रधानप्रति श्रद्धासुमन।

*(कृष्णचन्द्रसिंह प्रधान नेपाली साहित्यका प्राज्ञ, समालोचक हुन्। उनको जन्म नुंछेँगल्ली, काठमाडौँमा वि.सं. १९८२ साल साउन ११ गते नागपञ्चमीका दिन भएको हो। वि.सं. २००८ सालमा भञ्ज्याङनिर कवितासङ्ग्रह छपाएर देखापर्ने उनले पछिल्ला दिन आफूलाई निबन्ध र समालोचनामा केन्द्रित गरे। नेपाल प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ, लामो समय साझा प्रकाशनको महाप्रबन्धक रहेका प्रधानका कवि व्यथित र काव्य साधना वि.सं. २०१५ सालमा प्रकाशित कृति थियो। त्यसपछि वि.सं. २०२६ सालमा उनको सालिक निबन्धसङ्ग्रह प्रकाशित भयो भने वि.सं. २०३६ सालमा नेपाली उपन्यास र उपन्यासकार नामक समालोचनात्मक ग्रन्थ प्रकाशित भयो। २०४० सालमा प्रधानको अर्को समीक्षात्मक कृति सिर्जनाको सेरोफेरो प्रकाशित भएको थियो। अनाम सत्य प्रधानको दोस्रो निबन्धसङ्ग्रह हो र यो वि.सं. ०४४ सालमा प्रकाशित भयो। वि.सं. २०४७ सालमा पाइला: आगतमा टेकेर उनको अर्को निबन्धसङ्ग्रह प्रकाशित भयो। साथै उनका पछिल्ला निबन्धसङ्ग्रह वाग्मतीको हरक (वि.सं. २०५७), नफर्कने ती दिनहरू (वि.सं. २०५९), जीन्दगी टिपोटहरू (वि.सं. २०६३) र समय सुनामी (वि.सं. २०६३) हुन्।)*

# जाचँबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४४

**आयुष वि.क.को कागज व्होरा :**
मिति २०८२ भदौ २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा म बानेश्वर एभरेस्ट होटलनजिक प्रहरीको व्यारिकेटमा पुगेपछि प्रहरीले अगाडि बढ्न दिएन। म ऱ्यालीको अगाडि व्यारिकेट नजिकै थिए। पछाडितर्फका प्रदर्शनकारीहरूले प्रहरीले प्रहार गरेको अश्रु ग्याँसको सेल टिपी प्रहरीतर्फ नै फाल्न थाले। व्यारिकेट तोडेपछि प्रहरीहरू पानीको फोहोरा अश्रुग्याँस प्रहार गर्दै पछाडि हट्न थालेपछि प्रदर्शनकारीहरू झन उत्तेजित भई ढुङ्गामुढा प्रहार गर्न थाले। करीब दिनको १२:३५ बजेतिर मेरो कम्मरमुनि पछाडि बायाँतर्फ रबरको गोली लागी म घाइते भएँ र सहभागी कोही साथीहरूले मलाई सिभिल अस्पताल बानेश्वर लगे। सिभिल अस्पताल एरियामा प्रहरीहरूको हस्तक्षेप बढेपछि मेरो परिवारले मलाई सिभिल अस्पतालबाट रिफर गराई त्रि. वि. शिक्षण अस्पताल महाराजगञ्ज लगी उपचार गराए। मेरो शरीरबाट हालसम्म तीन वटा रबरको गाली निकाल्न बाँकी छ। हालसम्म अस्पतालको फलोअपमा छु।

भदौ २४ गतेको विरोध कार्यक्रममा अन्य कुनै व्यक्ति वा समूहको घूसपैठमा तोडफोड आगजनी भएको मेरो अनुमान छ। हाल विभिन्न व्यक्ति र समूहले घाइतेहरूको नाम प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट आर्थिक सङ्कलन गरी आफूखुसी गर्ने गरेको सर्वत्र जानकारी भएको छ। सोको नियन्त्रण हुनुपर्दछ।

**कृष्ण सुनारको कागज व्होरा :**
मिति २०८२ भदौ २३ गते जेन्जी (Gen–Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा गोंगबुबाट रामशाहपथ हुँदै लगभग अन्दाजी दिनको १२:०० बजेतिर सङ्घीय संसद् भवन बानेश्वरको दक्षिण गेट अगाडि सडकमा पुगेको थिएँ। म पुग्दा आन्दोलन भड्किसकेको थियो। अन्दाजी दिनको १-२ बजेको थियो होला के कताबाट फायर भएको गोली मेरो शरीरमा लागी म ढली बेहोस भएँ। चिकित्सकले मेरो शरीरमा थप २ वटा छर्रा रहेको छ, पछि निकाल्नुपर्छ भन्नुभएको छ। सिभिल अस्पतालले नशामा असर परेको कारणले दुखेको हो भनी थप उपचारको लागि त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा रिफर गरी दिएको छ। हाल म अस्पतालको फलोअपमा छु। औषधि भने व्यक्तिगत रूपमा खरिद गर्नु परेको छ।

भदौ २४ गतेको विरोध कार्यक्रममा अन्य कुनै व्यक्ति वा समूहले प्रदर्शन भड्काउने उद्देश्यले घूसपैठ गरी तोडफोड आगजनी कार्य गरेकोजस्तो लाग्छ। भदौ २३ गते प्रदर्शनकारीहरूमाथि गोली चलाउन आदेश दिने तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा फिल्ड कमान्डरहरू तथा भदौ २४ गते तोडफोड आगजनीजस्ता विध्वसांत्मक कार्यमा संलग्न व्यक्तिहरूको सम्बन्धमा छानबिन गरी कानुनबमोजिम कारबाहीको लागि अनुरोध गर्दछु।

**मनोजबहादुर बोहराको कागज व्होरा :**
भदौ २३ गते सुरक्षाकर्मी र आन्दोलनकारीहरूबिचको दूरी १०/१२ मिटर जति थियो होला। म बेहोसीमा रहेको कारण उपचार कसरी भयो थाहा भएन। आन्दोलनमा व्यापक घूसपैठ भएको जस्तो लाग्छ, जेन्जीले सिंहदरबार अदालत जलाउने जस्तो कार्य गर्दैनन्। तिनीहरूलाई पत्ता लगाई कडा कारबाही होस्।

**संजित यादवको कागज व्होरा :**
भदौ २३ गते म बानेश्वरस्थित संसद् भवन अगाडि आन्दोलनमा सहभागी थिएँ। सो एरियामा सुरक्षाकर्मीको उपस्थिति राम्रै थियो। मलाई गोली र पानीको फोर्सको कारणले चोट लागेको छ। मेरो उपचार गर्ने कार्य ढिला भयो। भदौ २४ गतेको आन्दोलनमा घूसपैठ भएको छ। दोषी पत्ता लगाई कारबाही होस्।

**कृष्ण थापाको कागज व्होरा :**
म भदौ २३ गते बानेश्वरस्थित संसद् भवनअगाडि र २४ गते धोबीघाट, कालिमाटी एरियामा बालेन साहको आह्वानमा आन्दोलनमा सहभागी भएको थिएँ। आन्दोलन अशान्त थियो। प्रहरीलाई सहयोग गरी बचाउन जाँदा भीडले हुत्याएर प्रहरी बिटमा करेन्ट लागेर हातमा चोट लागेको छ। भ्रष्टाचारीलाई कारबाही होस्, पीडितलाई शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था होस्।


लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
१९९९/०६/१९

स्वर्गारोहण
२०८३/०३/१४

यस संस्थाका सञ्चालक समितिका सदस्य बलराम गोसाईका ससुराबुबा, महिला उपसमितिका सदस्य रञ्जना त्वातीका बुबा र सदस्य जितेन्द्र त्वातीका पिता तथा सदस्यता नं. १२३२ का सदस्य **हरिराम त्वाती**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि.**
गोल्मढी-७, भक्तपुर

हार्दिक समवेदना



जन्म
२०६०/०२/०२

स्वर्गारोहण
२०८३/०३/१४

**पुजन बाईजु**

यस च्वङा गणेशस्थान विकास संस्थाका संस्थापक सदस्य पुण्यराम बाईजुका प्रिय पुत्र **पुजन बाईजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**च्वङा गणेशस्थान विकास संस्था**
सल्लाघारी, भक्तपुर-१

हार्दिक समवेदना



जन्म
१९९९/०६/१९

स्वर्गारोहण
२०८३/०३/१४


**हरिराम त्वाती**

हाम्रा आदरणीय मित्र जितेन्द्र त्वातीका पूजनीय पिता **हरिराम त्वाती**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतक आत्माको चिरशान्ति र वैकुण्ठ बासको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

| | | |
|---|---|---|
| हरिगोपाल साँय्जु | सत्यनारां त्यात | नारायण गोसाई |
| लक्ष्मीप्रसाद ग्वाछ्रा | केशव गोसाई | केदार गोसाई |
| तुल्सीप्रसाद तुल्सीबाख्यो | उत्तम त्यात | धन त्यात |
| माधव किसी | गणेशलाल साँय्जु | राजभाइ माक |
| विश्वराम साँय्जु | गंगाप्रसाद ग्वाछ्रा | राधेश्याम साँय्जु |
| नारायणबहादुर शिल्पकार | सुजन किसी | श्रीकुमार त्वाय्ना |
| कृष्णगोविन्द मचामसी | रत्न किसी | नारायणभक्त किसी |
| कालीकाप्रसाद खायमली | रवीन माकजु | श्रीकृष्ण गोसाई |
| | साँइला मचामसी | बलराम पउँ |

हार्दिक समवेदना




जन्म : १९८७/०१/०१
निधन: २०८३/०३/१५

यस संस्थाका सदस्य नं. ५० का **विष्णुदेवी गोरा**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-३, कोलाछेँ

हार्दिक समवेदना




जन्म : २०४९/०८/११
निधन: २०८३/०३/०३

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ८, लिबाली टोल बस्ने यस संस्थाका सदस्यता नं. ८५६० का सदस्य **रोशन गाईजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

हार्दिक समवेदना



जन्म : २०४९/०८/११
निधन: २०८३/०३/०३

यस संस्थाका सदस्यता नं ३६०७ का सदस्य **रोशन गाईजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा